५८९

वाशिष्ठ विज्ञान

८९

226
B. S.

४८१

श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकको उपलक्ष्यमा प्रकाशित

वाशिष्ठ विज्ञान

(द्वितीय खण्ड)

卐

श्रोत्रिय ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक : अद्वैत संस्था, नेपाल ।

गुरुदेवको संक्षिप्त परिचय

वि. सं. १९५६ मा जन्मनु भएका प्रातःस्मरणीय गुरुदेवले वि. सं. १९८१ देखि लगातार २६ वर्ष सम्म नेपालको शैक्षिक क्षेत्रमा महान सेवा गर्दै आउनु भएको थियो । वि. सं. २०२३ सालमा नेपालमा अद्वैत संस्था र अद्वैत विश्वविद्यालय, अद्वैत महाविद्यालयहरूको संस्थापन गरिदिनु भै नेपालको आध्यात्मिक उत्थान गरिदिनुभयो । यसका साथै गीता, माण्डूक्य कारिका र ब्रह्मसूत्र आदिको सरल नेपाली भाषामा भाष्य लेखिदिनु भै नेपाली साहित्य भण्डारलाई खँदिलो पारिदिनुभएको छ ।

योग वाशिष्ठ जस्तो वेदान्तको मूर्धन्य ग्रन्थलाई यसरी सरल नेपालीमा लेखिदिनु भै नेपाली मुमुक्षुको कल्याण गरिदिनु भएको छ भने योग वाशिष्ठलाई हिन्दी भाषामा 'स्वरूपानुभव' अंग्रेजीमा Vision of Reality र उही योग वाशिष्ठको ३२ हजार श्लोकको अंग्रेजीमा टीका लेखिदिनु भै अन्य भाषा-भाषीहरूलाई पनि स्वस्वरूपको परिचय गर्न पाउने महान मौका प्रदान गर्नुभएको छ । साथ साथै विश्वको एकमात्र सनातन हिन्दू संस्कृति सम्पन्न हाम्रो यस पवित्र भूमिमा 'सनातन धर्म' जस्ता ग्रन्थको रचना गरिदिनु भै हिन्दू धर्मको वास्तविक रहस्यलाई वा सनातन धर्मको गहिराईलाई धर्मप्राण नेपाली जनताको साम्

[शेष तेश्रो कवरमा]

वाशिष्ठ विज्ञान

[द्वितीय भाग]

वेदान्त

卐

Acc. NO. ८६२४

श्रोत्रिय ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक : अद्वैत संस्था, नेपाल ।

⊛ प्रकाशक :–
२० जना सत्संगीहरू ।

⊛ सर्वाधिकार :– अद्वैत संस्था नेपालमा सुरक्षित

⊛ प्रकाशन मिति :–
श्री ५ वीरेन्द्र शुभराज्याभिषेक
फागुन १२, २०३१

⊛ प्रथम प्रकाशन :–
१००० प्रति

⊛ मूल्य :– ४।–

मुद्रक :– भारती प्रेस, नारायणगढ चितवन, नेपाल ।

आशीर्वचन

अद्वैत संस्थाका भक्तहरूबाट प्रकाशित पुस्तक पुस्तिकाहरूको यो विशेषता हुन्छ कि तिनीहरूमा सम्पूर्ण द्वैत प्रपञ्चको श्रुति, युक्ति र विद्वद् अनुभव द्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयं प्रकाशमान अद्वैत निजी स्वरूपको प्रतिपादन गरिन्छ। प्रसङ्गवश ईश्वरतत्व र मनुष्यको प्रारब्धमा अधिष्ठित भएको ईश्वर स्वरूपको निरूपण पनि उपलब्ध हुन्छ। ईश्वर स्वरूपको निरूपण हो केवल द्वैत प्रपञ्चको आत्यन्तिक निरसनको लागि यसप्रकार जब निर्गुण ईश्वरको भक्तिपूर्वक जगत् निरसन हुन्छ, तब त्यो निरसनको अवधि रूपले ब्रह्मदेखि अभिन्न निर्गुण ईश्वररूप मुमुक्षुको आफ्नो निजी वास्तव स्वरूप स्वयं प्रकट भैहाल्छ। यसप्रकार ब्रह्मको अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धिमा संभव हुन्छ।

अद्वैत संस्थाका भक्तहरूद्वारा प्रकाशित अद्वैत-तत्वको प्रतिपादक पुस्तक पुस्तिकाको प्रकाशनमा हृदयतः मेरो आशिर्वाद छ। यसप्रकार अद्वैत-विषयक पुस्तक प्रकाशनबाट भगवान पशुपतिनाथ प्रसन्न भएर प्रकाशकहरूको हृदयमा स्थित परम थिक अन्धकारलाई विनष्ट गरिदिनु हुन्छ र भक्त ईश्वर विज्ञानी बनिहाल्छ।

— क्षितीशचन्द्र चक्रवर्ती
संस्थापक : अद्वैत संस्था
नेपाल

भूमिका

वाशिष्ठ विज्ञानको पहिलो भाग रिडी निवासी भक्तिमती श्री लक्ष्मी देवीले प्रकाशित गर्नु भएको छ। यो दोस्रो भाग हो। अरू पनि केही भाग श्री गुरुदेवबाट लेखिबक्सेको छ। प्रकाशित हुन बाँकी छ।

यो वाशिष्ठ विज्ञान धेरै वर्ष सम्म अद्वैत [संस्थाको सत्संगमा भाग लिएर वेदान्तको क्रमिक ज्ञान प्राप्त गर्नु भएका उत्तम मुमुक्षुहरूका निम्ति कृपालु श्री गुरुदेवबाट लेखिदिबक्सेको हो।

गत ०२६ साल फागुन १६ गते श्रीगुरुदेव काठमाडौं सवारी होइबक्सेको थियो। उहाँबाट हामीलाई योग वाशिष्ठ निर्वाण उत्तरार्द्ध प्रकरण व्याख्यान पूर्वक श्रवण गराइ बक्सँदै वाशिष्ठ विज्ञान लेखाइबक्सेको हो। यो ग्रन्थमा प्रतिपादित विषयहरू ज्यादा सूक्ष्म भैकन पनि अति सरल छन्। तर श्रीगुरुदेवको शरण ग्रहण नगरीकन भने सरल भए पनि बुझ्न सकिन्न। त्यसैले "श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको शरण लिनु" भनी शास्त्रले बताएको हो। निष्काम कर्म उपासनाबाट चित्त शुद्ध भएमा नै श्रीगुरुको उपसत्ति

हुन्छ । त्यसैले कर्म उपासना प्रयोजनीय मानिन्छ ।

आत्मा स्वतः र सर्वदा प्रकाशमान भैराखे तापनि त्यसको अनुभव गर्नुको लागि प्रयत्न आवश्यक छ, जगत हो वासनारूप, अचल चित्तमा नै आफ्नो स्वरूपको भासमानता हुन्छ, त्रिपुटी हो प्रातीतिक मात्र, विषयमा मिथ्यात्व बुद्धिको उदयबाट चित्त निर्मल हुन्छ, अनात्माको कल्पित सम्पर्क द्वारा आत्मा जाडमा आउँछ, अनात्मा हो मिथ्या इत्यादि विषयहरूलाई यहाँ प्रतिपादन गरिएको छ ।

चित्तलाई कसरी विलापन गर्ने, त्यसको फल के हो, चित्तका मुख्य स्थिति के के हुन् ? इत्यादि प्रश्नहरूको उत्तर दिंदै समाधि, सुषुप्ति र समाधिमा भेद, सुख दुःखको स्वरूप, संकल्पसिद्ध र दृष्टिसिद्धको रहस्य, पदार्थ शोधनको सरल प्रक्रिया यहाँ प्रदर्शित भएको छ ।

सहज साक्षात्कारको उपाय, आत्मस्वरूपको उपलब्धिको माध्यम देखाइकन भित्रको सुख दुःखलाई जान्ने मानिसको परिचय, ज्ञान वाशिष्ठको सार, ब्रह्मानुभवको क्रम जस्ता शीर्षकहरू द्वारा उत्तम अधिकारीहरूलाई साधनहरू उपलब्ध गराइएको छ । संक्षेपमा यो ग्रन्थ मुमुक्षुहरूका लागि बयान गर्नै नसकिने खालको बनेको छ ।

केवल वेदान्त बुझेर सन्तोष लिने प्रवृत्तिलाई यो ग्रन्थले निमूल पारिदिने छ । भाषा सरल भएर विषय गम्भीर भएको यो पुस्तकरत्न मुमुक्षुहरूका लागि प्राणप्रिय भएको छ । ब्रह्मज्ञानको प्रकार, स्वरूप, साधन र प्रयोजनका सम्बन्धमा यति सरल ग्रन्थ प्रदान गर्ने श्रीगुरुदेव सूर्यचन्द्र रहे सम्म नेपालको इतिहासमा अमर होइबक्सेकोछ ।

श्रोत्रिय र ब्रह्मनिष्ठ पुरुष नै अज्ञानीलाई सत्य मार्ग देखाएर मुक्त गर्न सक्नुहुन्छ अतएव ज्ञानवान् श्रीगुरुको शरण ग्रहण गर्नुपर्छ भन्ने शास्त्रको सिद्धान्तलाई स्वीकार गरेर नेपाली कतिपय पुण्यात्मा मुमुक्षुहरू ब्रह्मवेत्ता श्रीगुरुदेवका कृपादृष्टि प्राप्त गर्न प्रयत्नशील हुनुहुन्छ । फलस्वरूप वहाँहरूले गुरुकृपाबाट श्रद्धाको बलले आफ्नो सनातन सुखस्वरूपलाई प्राप्त पनि गर्नु भएको छ ।

अत्यन्त उदारता पूर्वक ज्ञानरक्षाको निमित्त द्रव्यको सदुपयोग गरी यो उत्तम ग्रन्थरत्न प्रकाशित गर्न सहयोग गर्नु भएकोमा अद्वैत संस्था प्रकाशक महोदयहरू प्रति शतशः धन्यवाद ज्ञापन गर्दछ ।

अन्तमा हामी प्रति अपार कृपा वर्षाई बक्सने कोमल हृदय परमाराध्य श्रीगुरुदेवका पादारविन्दमा कोटि-कोटि वन्दना टक्र्याउँदै यहीं विदा लिन्छु ।

विनीत

तारक भवन, रिडी

ज्ञानेश्वर सरस्वती
[देवेश्वर]

विषय सूचि

१. प्रकाशकहरू –
२. सिद्ध वस्तु र त्यसको अज्ञान – १
३. जगतको स्वप्नरूपता – ४
४. ज्ञान मात्रले पुग्दैन कि? – ६
५. मायाको विवेचना – ९
६. चित्तको निर्मलतामा हेतु – ११
७. अध्यासपूर्वक आत्माको साक्षात्कार – १३
८. अनात्मा हो मिथ्या – १५
९. सत्यताबुद्धि र शोभनबुद्धिको ... ... – १७
१०. चित्तका स्थितिहरू – २०
११ चित्तको विलापन र त्यसको फल – २१
१२. चित्तको मुख्य स्थिति – २२
१३. ब्रह्म कति टाढा हो – २४
१४. समाधि निरूपण – २६
१५. सुषुप्ति र मोक्षमा फरक – २९
१६. सुख-दुःख दशा – ३१
१७. संकल्पसिद्ध र दृष्टिसिद्ध कुरा – ३३
१८. इच्छाको बारेमा प्रश्न – ३५
१९. पदार्थद्वयको विवेचना – ३७
२०. शंकित दुई पदार्थको एकता – ३९
२१. आत्माको उपलब्धिको उपाय – ४१
२२. सहज साक्षात्कारको उपाय – ४३
२३. सुख-दुःखलाई कसले जान्दछ ? – ४४

२४. ज्ञानवाशिष्ठको सार - ४६
२५. ब्रह्मानुभवको क्रम - ४९
२६. ब्रह्मज्ञान अनन्तर अंहकार ... ... - ५३
२७. ज्ञाताका जगत् प्रतीति हुन्छ कि ? - ५६
२८. शङ्कर वशिष्ठको एकरूपता - ५९
२९. वेदान्तको उत्तम परिभाषा - ६१
३०. सत्सग र व्यवहारको सहावस्थान - ६२
३१. ज्ञान र ज्ञाता - ६६
३२. निश्चय कतातिर गर्नु ? - ६८
३३. सारालाई प्रकाश गरिराखेको छु - ७१
३४. व्याप्य र व्यापकको एकता - ७३
३५ ज्ञानी कसलाई भन्छन् ? - ७६
३६. द्रष्टामात्रमा पुग्नुको बाटो - ७८
३७. जाग्रतबाट पनि जाग्नु - ८०
३८. जगत को वासनारूप - ८२
३९. संकी ऋषिलाई उपदेश - ८३
४०. विवेक र अविवेक - ९१
४१. विवेकद्वारा साक्षात्कार - ९३
४२. प्रारब्ध - ९५
४३. भक्ति र क्षेत्रज्ञको स्वरूप - ९९
४४. वेदान्त शास्त्रको निष्कर्ष - १०१
४५. स्थूल पदार्थको स्वरूप - १०६
४६. सहज सविकल्प समाधि - १०९
४७. भ्रमले अप्राप्त वस्तुको पुनराय प्राप्ति - १११

परिशिष्ठ

४८ अनुभवको साधन - ११३

—❀—

वाशिष्ठ विज्ञान

परमपूज्य श्रीगुरुदेव पं. शिवराम पुरुषोत्तमानन्द

(डा० क्षितीशचन्द्र चक्रवर्ती एम. ए. डी. फिल्. बी. एल.)

प्रकाशकहरु

(संक्षिप्त परिचय)

१) श्री आदिल वहादुर थापा क्षेत्री

१९८६ मा लमजुङ्ग ताम्रिङमा जन्म लिनु भएका श्री पद्म वहादुरका सुपुत्र श्री थापाज्यू वाल्यावस्था देखि नै भगवती स्तोत्र पाठ गर्ने हरिकीर्तन गर्ने श्री थापाज्यूलाई "ब्रह्मानन्द स्वरूप है तेरा" भन्ने ब्रह्मानन्द स्वामीका भजनले उहाँलाई ज्ञानमा आकर्षण गरिरहेको वेला ०२५ सालमा अद्वैत सस्थामा प्रवेशगरे पछि ऐले उहाँ आफ्नो वास्तव स्वरूपको ज्ञान गरेर कृतार्थ हुनुभएको छ ।

२) ले. हरिबहादुर कुँवर

श्री टेकवहादुर कुँवरका आत्मज श्री कुँवरज्यूको जन्मभूमि लमजुङ्ग बाङ्रे हो । आफ्नो आस्तिक्य सस्कारको परिपक्वताले गर्दा उहाँ केटा केटी अवस्था देखि नै स्नान पाठ पूजा गर्ने गर्नु हुन्थ्यो । ०२७ सालमा अद्वैत संस्थाको सदस्यता ग्रहण गर्नुभए पछि आफ्नो साक्षी स्वरूपलाई चिन्नुभयो ।

३) श्री शाखाप्रमुख खिमलाल वाँस्तोला

श्री बुद्धिनाथका पुत्र श्री वाँस्तोलाको जन्म १९७० मा लमजुङ्ग फोपरेटामा भएको हो। केटाकेटी देखि नै ज्ञानमाला गणेशस्तोत्र आदि पाठ गर्ने उहाँको स्वभाव थियो। ०२५ सालमा अद्वैत संस्थाको सदस्य वनी आफ्नो स्वरूपलाई जानी त्यही ज्ञानलाई दृढ गरिरहनु भएको छ।

४) श्री शुकदेव वाँस्तोला

लमजुङ्ग फोपरेटामा जन्मलिनु भएका बुद्धिनाथ वाँस्तोलाका सुपुत्र श्री शुकदेवज्यू वाल्यावस्था देखि नै भगवद्भक्त हुनुहुन्थ्यो। २५ सालमा संस्थाको सदस्य वन्नुभो। हाल अद्वैत संस्था नारायणी अञ्चलको निर्देशक हुनुहुन्छ। वेदान्त शास्त्रसम्बन्धी सूक्ष्म विषयमा प्रविष्ट हुने उत्सुकता वनाइरहनु उहाँको प्रमुख विशेषता हो।

५) श्री देवनाथ बाँस्तोला

श्री शुकदेवज्यूका भाई श्री देवनाथ हाल चितवन केशरबागमा हुनुहुन्छ । सानै अवस्था देखि उहाँ विरक्त ईश्वरभक्त हुनुहुन्थ्यो । ०२४ साल मा संस्थाको सदस्य बन्नुभयो । श्री गुरुदेवमा अटल भक्ति र संस्थाको विकासमा ज्यादा तत्परता देखेर उहाँलाई नारायणी अञ्चल उपप्रमुख बनाइएको छ ।

६) *मन बहादुर भँडारी क्षेत्री*

१९७५ सालमा लमजुङ्ग सेकलेमा जन्म लिनु भएका श्री कृष्णका पुत्र श्री भँडारीज्यू ईश्वरको भजन गर्ने इच्छा हुँदा पनि छोरा छोरीको सेवामा मात्र लागि रहँदा सफल नभई ०२५ सालमा संस्थामा प्रवेश गरी इच्छा पूर्ण गरिरहनु भएको छ ।

७) श्री प्रेम बहादुर सुयल थापा

१९७५ मा लमजुङ्ग भलाम-सेरामा श्री मानसिंह थापाबाट जन्मलिनु भएका श्री सुयल-ज्यूको खेल्दा र गाई चराउँदा पनि भगवानको पूजाको भावना गर्ने स्वभाव थियो । ०२५ सालमा संस्थाको सदस्य बने पछि सत्संग र गुरु भक्तिको बलले ऐले सुषुप्ति समाधि पनि बुझि सक्नु भएको छ।

८) श्री पद्मकुमारी गुरुङसेनी

पोखरा थाक निवासी वयोवृद्धा श्री पद्मकुमारी अद्वैत संस्थाको सदस्य हुनुहुन्छ । शरीरले माने सम्म उहां श्री गुरुदेवको दर्शन र सत्सग समारोहमा उपस्थित हुनुहुन्छ ।

९) श्री जूनमाया श्रेष्ठ

रिडी बजार निवासी मुक्तिलाल श्रेष्ठकी अर्धाङ्गिनी श्री जूनमाया आज २-३ वर्ष देखि रोग शय्यामा परि-रहनु भएका पतिको सेवामा लागि रहनुभएको छ अद्वैत संस्थाको रिडी शाखाको सत्संगमा प्रायः भाग लिनु हुन्छ। स्नान, दान, देव-दर्शन आदि पुण्यकर्मका साथै ईश्वर भक्तिमा उहाँ लागि रहनु भएको छ ।

१०) श्री कृष्ण कुमारी श्रेष्ठ

रिडी बजार निवासी श्री मुक्तिलाल श्रेष्ठकी सुपुत्री श्री कृष्णकुमारीज्यू पाठ पूजामा लागि रहनु हुन्छ । श्री गण्डकी स्नान र हृषीकेशको दर्शनमा उहाँको ज्यादा प्रेम छ । भगवान आफ्नै हृदय भित्र आफ्नै वास्तव स्वरूपले रहनु भएको छ भन्ने अद्वैत संस्थाको सत्स-गलाई उहाँ खूब मन पराउनु हुन्छ ।

११) श्री मनवल्लभ उपाध्याय

सम्वत् १९७३ मा तनहूँ स्याम्घा सिमवारीमा जन्म लिनु भएर अविच्छिन्न पुलिस इन्सपेक्टर पदमा रही श्री ५ को सरकारको २९ वर्ष सम्म सेवा गर्नु भएका श्री मन-वल्लभज्यू सेवाबाट अवकाश प्राप्त गरी ०३० सालमा संस्थामा प्रवेश गर्नु भए पछि अत्यन्त निष्ठाका साथ सत्सङ्ग र वेदान्त पढाईमा सम्मिलित हुनुहुन्छ । सरलता, निरभिमान र श्रद्धा उहाँको विशिष्ट गुण हो ।

१२) खेमराज उपाध्याय

स्याम्घा सम्चारी तनहूँमा सम्वत् १९७७ सालमा जन्म लिएर संस्कृतमा मध्यमा सम्म पढ्नु भएका खेमराजजी पाण्डित्य, पौरोहित्य र प्रधान पञ्चको काम गर्दै आउनु भएर विश्रामका लागि ०३१ सालमा संस्थामा प्रवेश गर्नु भए पछि स्याम्घा शाखाको शाखा प्रमुख बनेर निरन्तर सत्सग गरिरहनु भएको छ ।

१३) ज्ञानेश्वर पौडेल

स्याम्घा तनहूँकानिवासी सामाजिक कार्यकर्ता नवयुवक श्री पौडेलज्यू हाले ०३१ सालमा संस्थामा प्रवेश गर्नु भएको छ र संस्थालाई तनहूँ जिल्लाका प्रत्येक पञ्चायत भित्र फैलाउन उहाँ दृढ प्रतिज्ञ हुनुहुन्छ ।

१४) टीकाराम बाग्ले

गुल्मी इस्मामा सम्वत् १९७२ मा जन्म लिनुभएर धेरै वर्ष सम्म सैनिक सेवामा रहनु भएका श्री बाग्लेज्यू हाल नारायणगढमा हुनुहुन्छ । ०३० सालमा संस्थामा प्रवेश गरे देखि उहाँ वेदान्तका सूक्ष्म कुराहरू सित परिचय प्राप्त गर्नु भएको छ ।

१५) श्री बाल मुकुन्द पिया

बन्दिपुरमा जन्म लिनु भएका श्री पियाज्यू २५ साल तिरै संस्थामा प्रवेश गर्नु भएका हो । संस्था र गुरुमा अपार आस्था एवं भक्ति राख्दै उहाँ नेपाली ग्रन्थहरू पढ्दै साक्षी स्वरूपमा प्रेम गरिरहनु भएको छ ।

१६) श्री पद्मराज प्रधान

बन्दिपुर निवासी श्री प्रधानज्यू अद्वैत प्रेमी युवक हुनुहुन्छ । उहाँ ०२२ सालमै संस्थामा प्रवेश गर्नु भएको हो । समारोहमा रिडी आदिमा प्रशस्त भाग लिनु भा । हाल राष्ट्र व्यापी अद्वैत दिग्विजय सत्संग समारोह सञ्चालनमा अग्रसर हुनुहुन्छ ।



१७) श्रीराम पिया

तनहूँ बन्दिपुरमा जन्मलिनु भएका श्री पियाज्यू केन्द्रीय सभापति श्री गोविन्दराम सरस्वतीका बहिनी ज्वाँई हुनुहुन्छ । प्रसिद्ध वेदान्ती पितृव्य स्व० गोपालज्ञीको सहवास केटा-केटी काल देखि नै पाउनु भएकोले वेदान्तमा रुचि राख्नु हुन्छ । यता अद्वैत संस्थामा बराबर सत्संग गर्नु हुन्छ र संस्थाको विकासमा यथाशक्य सहयोग गर्दै आउनुभएको छ ।

१८) श्री माधवराज न्यौपाने

तनहूँ नावरूङ ओकलाङको जन्म । अध्यात्म वादी पिताबाट वेदान्तमा रूचि बढेको । ०२३ सालमा संस्थामा प्रवेश। न्यौपानेज्यू ज्यादा सीदा र अपठित भईकनपनि अद्वैत वेदान्तमा प्रविष्ट हुनुहुन्छ । मनलाई शान्त राखेर सत्संगमा भागलिई रहने उहाँको स्वभाव छ ।

१९) श्री जयभद्र खराल

धौलागिरी अञ्चलमा जन्म लिनुभएका श्री खरालज्यू अद्वैत संस्था लंकु शाखाको शाखा प्रमुख पदमा रहेर आफ्नो र संस्थाको विकासमा कटिबद्ध हुनुहुन्छ। उहाँ ज्यादै विनम्र, सुशील र गुरुभक्त भएकोले श्री गुरुदेवबाट विशेष आशीर्वाद स्वरूप देशिक पदले विभूषत हुनुहुन्छ ।

२०) चन्द्रदत्त कँडेल

हाल लंकु शाखाका कर्मठ कार्यकर्ता अद्वैत विश्वविद्यालयका उपसन्न शिष्य श्री कँडेलज्यू शारीरिक कठोर क्यान्सर रोगले पीड़ित भएर पनि संस्थाको सत्संग समारोह आदिमा भागलिन् आदिमा पछि पर्नुहुन्न । द्वैतवादीलाई डटेर मुकाबला गरी अद्वैत मतमा ढाल्न सफलता पाउनु उहाँको वैशिष्टय हो ।

—ज्ञानेश्वर सरस्वती

सिद्ध वस्तु र त्यसको अज्ञान

आत्मा हो स्वयं सिद्ध । आत्मा अनात्मबाट सिद्ध हुँदैन । आत्मा आत्मबाट पनि सिद्ध हुँदैन । त्यसकारण आत्मा व्यतिरिक्त अरू कुनै साधनको आवश्यक हुँदैन । आत्मा हो स्वयं सिद्ध अर्थात स्वयं प्रकाशमान सर्वदा प्रकाशमान र अद्वितीय रूपले प्रकाशमान ।

आत्मज्ञानद्वारा आत्मा सिद्ध हुन्छ कि ? आत्मा हो ज्ञानस्वरूप (प्रकाश स्वरूप) त्यसैले आत्मा ज्ञानद्वारा सिद्ध हुने वस्तु होइन । ज्ञानस्वरूपको सिद्धि ज्ञानद्वारा हुने हैन, आत्मा हो स्वयं र सदा सिद्ध ।

यसरी आत्मा स्वयं सिद्ध हो भनी जान्नु पर्छ । आत्मा हो मेरो वास्तव स्वरूप । त्यो स्वरूप सर्वदा सिद्ध र सर्वदा प्रकाशित छ । आत्मासिद्धिको प्रसग कैल्यै पनि संभव छैन ।

किन्तु त्यो आत्माको स्वय प्रकाशकता-मेरो वास्तव शुद्ध चैतन्य स्वरूप हो सर्वदा प्रकाशित - यो कुरालाई जसले स्वीकार गर्दैन अर्थात् जसले सदा सिद्ध र सर्वदा

अनुभूयमान वस्तुलाई अनुभव गर्न सक्दैन त्यसलाई अज्ञानी भनी भनिन्छ । अज्ञानी पुरुषले स्वयं प्रकाशमान आफ्नो वास्तव स्वरूपलाई चिन्दैन । आत्मामा अस्त्वापादक आवरण नभए पनि जहाँ सम्म आत्मामा अभानापादक आवरण रहि रहन्छ तावत् अज्ञानको निरसन (अभान हो अज्ञान) आवश्यक हुन्छ ।

आत्मा भासमान नभए सम्म आत्माको भान प्राप्तिको लागि—आत्मालाई स्पष्टरूपले भासमान तुल्याउनुको लागि-पुरुष प्रयत्न आवश्यक हुन्छ । पुरुष प्रयत्न हो अभानलाई निवारण गरि दिनु—अज्ञानलाई हटाउनु । यो अज्ञानलाई हटाउनुको लागि शास्त्रोक्त साधन चाहिन्छ । शास्त्रोक्त साधन बिना अज्ञानको अपनोदन संभव छैन । अन्तिम अखण्डाकार चित्तवृत्तिद्वारा यसैलाई वृत्ति व्याप्ति भनेको छ । जब हृदयमा आत्मा स्पष्ट रूपले भासमान हुन्छ तव आत्माको अभानको आत्यन्तिक निवारण संभव हुन्छ ।

अज्ञानीबाट कल्पित आत्माको अभान निरसनकोलागि—आत्मालाई स्पष्टरूपले हृदयमा भासमान तुल्याउनुको लागी—प्रयत्न चाहिन्छ । त्यसैले ब्रह्मज्ञान हो प्रयत्नसाध्य । त्यसैले प्रयत्न बिना ब्रह्मज्ञान सभव छैन ।

सार कुरा यो हो कि आत्मा स्वतः र सर्वदा प्रकाशमान भै राखे तापनि त्यसको अनुभव जब सम्म हुंदैन तब सम्म अनुभव रूप आत्मालाई स्पष्ट रूपले अनुभव गर्नुको लागि प्रयत्न आवश्यक छ । आत्मालाई सिद्ध गर्नुको लागि प्रयत्न आवश्यक नभए तापनि आत्माको अज्ञानको निरसनको लागि संपूर्ण प्रयत्न आवश्यक छ ।

यो कुरालाई शास्त्रको पारिभाषिक शब्दद्वारा शास्त्रमा प्रतिपादित गरेको छ—अर्थात् आत्मामा फल व्याप्ति चाहिंदैन किन्तु वृत्ति व्याप्ति अत्यन्त आवश्यक छ ।

—★—

जगतको स्वप्नरूपताको बारेमा शंका र समाधान

पूर्वपक्षि—यो जगत्लाई मेरो स्वप्नरूप हो भनी मान्नु ठीक हैन; किनकि मेरो स्वप्नरुप भए अरुले मेरो स्वप्न देख्दैन । किन्तु यो जगतलाई मैले नदेखे पनि अरुले देखिराखेको छ ।

सिद्धान्ती—यो कुरा बिलकूलै ठीक हैन, यो देखाउनका लागि एक दृष्टान्त लिउँ—कसैले भन्छकि सुषुप्तिमा मैले जगत् देख्नपाइन । तर अरुले मेरो निद्रा कालमा अवश्य जगत् देखि राखेको थियो । त्यसो भएको हुनाले मेरो सुषुप्ति कालमा अभाव सिद्ध हुंदैन । यो कुरा जस्तो बिलकूलै ठीक हैन, त्यस्तै तिम्रो शंका पनि बिलकूलै निराधार हो ।

पूर्वपक्षी—कसरी ?

सिद्धान्ती—जस्तो सुषुप्ति कालिन अनुभवमा ऐले अरुले जगत्देखि राखेको छ भन्ने भनाई बिलकूलै संभव हुंदैन । त्यस्तै तिमीलाई यदि वास्तवमा यो जगत हो वासनारुप मात्र यस्तो सम्यक ज्ञान भएको छ भने अरुले जगत देखि-

रहन्छ भन्ने भनाई कदापि संभव हुंदैन । अरुले मेरो स्वप्न देख्दैन भनीकन भनाई जगत् हो सम्यक वासना रूप यस्तो बोधबाट उत्पन्न भएको छैन । त्यसो भएको हुनाले तिमी राम्ररी जगत हो वासनारूप भनी जान्नुमा प्रयत्न गर ।

—☆—

ज्ञान मात्रले पुग्दैन कि ?

शास्त्रको ज्ञाता पुरुषको पनि धारणा यसप्रकार हो कि आफ्नो वास्तव स्वरुपलाई जाने पछि पनि ज्ञान पुरा हुंदैन, किनकि ज्ञाता भैकन पनि व्यवहार दशामा सुख, दुःख, भय, चिन्ताको अनुभव हुन्छ त्यसको पनि निवारण चाहिन्छ र जब कुनै प्रकार विक्षेप किम्वा कुनै प्रकार अज्ञान बाँकी रहँदैन तब मात्र ज्ञान पूरा हुन्छ, यही नै शास्त्र सिद्धान्त हो भनी बताउँछन् ।

यस प्रकारले कहिएको ज्ञानको अदृढता किम्वा ज्ञानको अपूर्णता, त्यो यथार्थ हैन, किनकि शरीर रहनु सम्म बेला बेलामा ज्ञानी पुरुषमा अवश्य नै विकार देखनमा आउँछ र शरीर रहनुको आशय हो अवश्यंभावी प्रारब्ध उपस्थापित सुख दुःखको भोग । किन्तु विचारवान पुरुषले सुख दुःखको भोगकालमा पनि द्रष्टा पुरुष आफू देखि सुख दुःख र त्यसको भोग्य रूप दृश्यलाई आफु देखि पृथक भनी सहज रूपले सम्भीरहनु हुन्छ ।

यो कुरा हो शास्त्रसिद्ध । त्यसैले शास्त्रमा परोक्षज्ञान अपरोक्षज्ञान भनीकन पनि अनन्तर प्राप्त जीवनमुक्त

विदेहमुक्त अवस्थालाई पनि बताइएको छ । अर्थात् जीव दशामा मुक्ति हो समय समयमा देहादिसंघातबाट सुख दुःखादिको भोग । त्यो भोगलाई कसैले पनि निवारण गर्न सक्दैन । एतावता त्यो पुरुष ज्ञानी हैन यस्तो भन्नु बन्दैन । कारण यो हो कि ज्ञानको लक्षण विद्यमान भएता पनि शरीरादिबाट सुख दुःखादि भोग अनिवार्य देखिन्छ, किन्तु ख्याल गर्नुपर्छ कि यो भोग, भोगकर्ता र भोग्य सुख दुःखादि हो केवल डढेको अन्तःकरणको तीन प्रकारको साभास वृत्ति मात्र । जस्तो भृष्टवीजबाट अंकुरादि उत्पन्न हुंदैन, किन्तु त्यो बीजलाई भोग गर्नु संभव हुन्छ । त्यस्तो अज्ञान लेश (सुख दुःख भोग) देखिए तापनि त्यो अज्ञानलेशले गर्दा ज्ञानीको फेरी जन्म हुंदैन । अर्थात् ज्ञानी हो सदा मुक्त । सुख दुःख भोग गर्ने बेलामा पनि मुक्त, सुख दुःख रहित कालमा पनि मुक्त । यसको कारण यो हो कि सुख दुःखादि भोगको भावाभाव मायाबाट उपस्थापित देहादिको धर्म हो ।

ज्ञानीको लक्षण कहिल्यै पनि नरुनु, नरमाउनु, सदा शान्त भएर रहनु आदि कुनै प्रकारको हामीहरूको धारणा-नुयायी सिद्धान्त हैन, यो शास्त्र प्रसिद्ध सिद्धान्त हो । किन्तु ब्रह्मज्ञान जहाँ सम्म केवल परोक्ष रहन्छ त्यहाँ सम्म त्यो मुक्तिदायक हुँदैन किन्तु ज्ञाननिष्ठा किम्वा निदिध्यासन द्वारा अज्ञान र तत्कार्य विक्षेपादिलाई अवश्य निवारण गर्नु पर्छ ।

अहंकार बलं दर्पं कामं क्रोधं परिग्रहम्

विमुच्य निर्ममः शान्तो ब्रह्म भूयाय कल्पते,

यहाँबाट बुझिन्छ अहंकारादि चित्तको भिन्न भिन्न विकार-लाई अवश्य पनि सामना गर्नु पर्छ, तब मात्र मुमुक्षु ब्रह्म बन्न समर्थ हुन्छ। यो हो परोक्ष ज्ञान र अपरोक्ष ज्ञानको पार्थक्य। परोक्ष ज्ञान पूरा ज्ञान हैन, भ्रान्त ज्ञान हो। यद्यपि पञ्चदशीकारले परोक्ष ज्ञानलाई अभ्रान्त भनेको छ, त्यो ठीक हैन। त्यो परोक्ष ज्ञानमा भ्रम रहिरहन्छ। त्यसकारण परोक्ष ज्ञान हो भ्रान्त। परोक्ष ज्ञानले मुक्ति सुख दिन सक्दैन त्यसकारण आफ्नो ब्रह्म स्वरूपको स्पष्ट भासमानता आफ्नो अचल चित्तमा अवश्य नै हुनुपर्छ। यसप्रकार अपरोक्ष ज्ञानीको देहादि संघात अनुवृत्त रहन्छ तब देहादि संघातमा प्रारब्ध अनुसार विकार अवश्य नै भै हाल्छ, त्यसमा ज्ञानीको कुनै हानि हुँदैन। ज्ञानीको शरीरबाट सुख दुःख भोग भए तापनि ज्ञानी सुख दुःख भोगको प्रकाशक रूपले रहन्छ। किनकि ज्ञानी आफूलाई केवल प्रकाश किम्वा अनुभव रूप भनी संस्कारको बलले जानि रहनुहुन्छ।

—★—

मायाको विवेचना

श्वेताश्वतर श्रुति आदिमा मायाको उल्लेख पाइन्छ। मायालाई प्रकृति भनी जान्नु र मायावी परमात्मालाई परमार्थ सत्य भनी जान्नु। यसरी उपनिषद्बाट मिथ्या माया र सत्य मायावी परमात्मा यस्तो भिन्न भिन्न दुई वस्तुको स्पष्ट ज्ञान हामीहरूको हुन सक्छ।

यो श्रुति उक्तकुरालाई भगवान् शंकराचार्यले विस्तृत रुपले प्रकरण ग्रन्थहरूमा बताउनु भएको छ। शंकराचार्यको मायावाद हो श्रुति माथि आधारित सिद्धान्त—स्वकपोल कल्पित कुरा हैन। मायावाद हो—सपूर्ण द्वैतप्रपञ्च (जगत्) को मिथ्यात्व निश्चय। अर्थात् मायावादले भन्छकि संम्पूर्ण द्वैतप्रपञ्च मायाबाट खडा गरिएको हो, जगत् प्रपञ्च हो मिथ्या र त्यसको अधिष्ठानभूत परमात्मा हो एक मात्र परमार्थ सत्य।

माया शब्दको अर्थ हो जो छैन र प्रतीत भैराखेको छ। त्यसकारण माया र मायिक जगत् दुवै मिथ्या भैकन पनि प्रतीत भैराखेको छ। ठीक जस्तो स्वप्न प्रपञ्च देखिन्छ वर बास्तवमा छैन, त्यस्तै मायाले रचिएको विश्व प्रपञ्च

झलमल देखिन्छ तर वास्तवमा छैन। यसरी नभैकन पनि इन्द्रिय गोचर र मनको गोचर भैराखेको जो संपूर्ण त्रिपुटी आदि (जगत्) छ त्यो हो प्रातीतिक मात्र—वास्तविक हैन। यो हो मायाको विवेचना।

—✻—

चित्तको निर्मलतामा हेतु

आत्माको सम्यक ज्ञानको उपाय हो चित्तलाई अत्यन्त निर्मल तुल्याउनु । जब सम्म चित्त सपूर्ण रूपले वृत्ति-रहित हुदैन तब सम्म वृत्तियुक्त चित्तमा आत्मा भासमान हुंदैन । वरू एक अद्वितीय आत्मा भासमान नभैकन त्रिपुटी रूपले भासमान हुन्छ । अर्थात् जहाँ सम्म चित्त वृत्तियुक्त रहन्छ त्यहाँ सम्म निरन्तर चित्तमा म, सुखी छु, म दुःखि छु, म, चिन्तित छु, इत्यादि चित्तको तिन प्रकार साभास वृत्ति उदित भैरहन्छ र अखण्ड चित् स्वरूप आत्मा चित्तमा भासमान हुन सक्दैन ।

चित्तलाई कसरी वृत्तिरहित तुल्याउनु ? जब सम्म जगत् पदार्थमा आस्था (सत्यता बुद्धि) भैरहन्छ तब सम्म त्यो चित्तमा नाना प्रकार वृत्ति उठिनै रहन्छ र त्यसकारण द्वैत प्रपंच हो चित्तको चलन मात्र, आगमापायी र दुःखदायी यसरी जानेर जगत्मा आस्था नगर्नु । जगतमा नाना पदार्थ देख्नमा आइरहेछ तापनि पदार्थ हो केवल चैतन्य रूप यस्तो निश्चय भए पछि चित्त कहिल्यै पनि विषय तिर आकृष्ट नभएर सपूर्ण इन्द्रिय विषयबाट व्यावृत्त भएर स्थित रहन्छ ।

यसरी मात्र आत्मरूपले स्थिरीभूत चित्तामा भासमान संभव हुन्छ । त्यसोभएको हुनाले जगत्‌लाई चैतन्यरूप भनी निश्चयपूर्वक विषयको आस्थालाई परित्याग गर्नु ।

चित्तलाई निर्विषय तुल्याउनुको एकमात्र बाटो हो संपूर्ण विषयमा मिथ्यात्वबुद्धिको उदय । विषय कसरी मिथ्या हो ? विषय हो मिथ्या, किनकि विषयको स्वतः स्फूर्ति र सत्ता छैन । विषय जब कल्पित त्रिपुटीरूपले चित्तमा खडा हुन्छ तब त्रिपुटी साक्षीबाट भासित हुन्छ । साक्षीले अवभासन नगरे त्रिपुटीको अनुभव हुन सक्तैन । त्यसैले जगत् पदार्थ हो साक्षीमा कल्पित, यसप्रकार जानेर स्वप्नको पहाडमा जस्तो कसैको आस्था हुँदैन त्यस्तै व्यावहारिक जगत्‌मा पनि बुद्धिमान पुरुषको आस्था हुन शक्तैन । यसरी चित्तलाई निर्विषय तुल्याउनु पर्छ ।

—★—

अध्यास पूर्वक आत्माको साक्षात्कार

वस्तु स्वतः अदृष्ट भएतापनि अरू वस्तुको सहाराबाट दृष्ट हुन सक्छ। जस्तो चन्द्रमा सित सम्पर्कद्वारा राहुलाई देख्नु संभव हुन्छ, विलकूल त्यस्तै आत्मा देखनमा आउँदैन अर्थात् आत्मा हो अविषय किनकि आत्मा हो ज्ञान स्वरूप उसमा ज्ञाता ज्ञेय ज्ञान कल्पित भएर दृष्ट हुन्छ। आत्माको अरू वस्तु (अनात्मा) सित कल्पित सम्बधलाई शाङ्कर वेदान्तमा अध्यास भनिएको छ। अर्थात अधिष्ठान आफ्नो स्वरुपमा त्रिपुटी कल्पित भैकन जब साक्षी स्वरुपले दृष्ट हुन्छ तब अनात्माको कल्पित सम्पर्कद्वारा आत्मा जान्नमा आउँछ।

जस्तो म सुखि छु, म दुःखि छु, आदि कल्पित त्रिपुटीको सहाराले आत्मा जान्नमा आउँछ। जस्तो जब त्रिपुटी खडा हुन्छ तब हामी जस द्वारा त्रिपुटी जान्दछौं त्यो हो आत्मा। त्यसरी जब चिदाकार वृत्तिको परिपाक पूर्वक अन्तिम ब्रह्माकार वृत्ति उदित हुन्छ तब त्यो अन्तिम ब्रह्माकार वृत्तिमा स्पष्ट भासमान भैकन आत्मा प्रकाशित हुन्छ अर्थात तब म निःसन्दिग्ध अविपर्यस्त रुपले

आफ्नो ब्रह्मस्वरुपकताको अनुभव गर्दछु तब मात्र आत्मब्रह्म मेरो लागि स्पष्ट अनुभव भै हाल्छ ।

"म ब्रह्म हूँ" आत्मस्वरूपमा यसैको अभ्यास विना आत्मस्वरूपको अनुभव सभव छैन । यसरी कल्पित सम्वन्ध द्वारा सम्यक् रूपले आत्मा अनुभूत हुन्छ । अर्थात् ब्रह्माकार वृत्ति (म पक्का ब्रह्म हुं यसप्रकार बृत्ति) खडा हुन्छ । तब स्वच्छ अन्तिम चिदाकार वृत्तिमा आत्मा स्पष्ट रुपले भासमान भै हाल्छ । अर्थात् तिमीबाट आत्मस्वरूप पनि परिपक्व रूपले जान्नमा आउँछ ।

अनात्मा हो मिथ्या

यद्यपि देह इन्द्रियादि देखनमा आउँछ र हामीहरू देहादि संघात सित मिलि हाल्छौं तापनि वास्तव तत्व यो हो कि केवल आत्मा विद्यमान छ। देहादि आनात्मा हो मिथ्या ठीक जस्तो बाटामा मानिस देखिन्छ तर हामी त्यो सित संपर्क जोडदैनौं, किनकि अकस्मात् दृष्ट भएको हुनाले इनीहरु हाम्रो कुनै इष्ट साधन गर्न सक्दैनन् त्यस्तो जाग्रत् स्वप्नमा देहादि संघात दृष्ट भएतापनि तिनीहरुमा सत्यता बुद्धि नगर्नु त्यति मात्र हैन किन्तु यस्तो आगन्तुक देहादि सित संपर्क जोड़े पछि मनुष्य सुख स्वरुपबाट च्युत रहन्छ, चित्तका नाना प्रकार त्रिपुटीको उत्पत्तिरुप प्रपंच निरन्तर धिकारी बनि नै रहन्छ।

मुख्य कुरा यो हो कि केवल आत्म वस्तु हो परमार्थ सत्य। संपूर्ण देहादि प्रपंच हो मिथ्या। यो हो वस्तुस्थिति। त्यसकारण जो अनात्म शरीर, मन, बुद्धिसित मिल्दछ त्यसले आफूको अहित संपादनको इच्छा गर्दछ। त्यसकारण त्यो बहिर्मुख मानिस हो आफ्नो शत्रु, किन्तु जसले वस्तु

स्थिति जानेर अनात्मामा आफू किम्वा आफ्नो वुद्धि गर्दैन त्यो आफ्नो मित्र वनीहाल्छ वस्तुस्थिति नजानेर हामीहरू अनात्म पदार्थमा शत्रु मित्र वुद्धि गर्छौं वास्तवमा अनात्म पदार्थ नभएको हुनाले केवल हो आत्मा ।

सत्यता बुद्धि र शोभन बुद्धिको

निरसनको उपाय

साधारण मनुष्यको धारणा यो हो कि मेरो बाहिर नाना प्रकारको विषय (शब्द, स्पर्श, रूप, रस, गन्ध) अवश्य विद्यमान छ र यी विषयहरूलाई इन्द्रियको सहाराबाट म सुखी बन्न सक्छु । अर्थात् मनुष्यको धारणा यो हो कि (१) बाह्य पदार्थ साँचो हो, (२) मनद्वारा र इन्द्रिय द्वारा यसको ग्रहण संभव हुन्छ । यसरी विषयमा सत्यता बुद्धि पूर्वक इष्ट विषयको ग्रहणबाट सुख अनुभव प्रतीत र विषयमा रस बुद्धि उत्पन्न हुन्छ । अहिले यो दुवैको निराकरणको उपाय शास्त्रमा बताइएको छ ।

विषय विद्यमान छ र बुद्धिद्वारा विषयको ग्रहण हुन्छ यी दुवैकुरा हो मिथ्या । वास्तवमा बुद्धिको विषयाकार बृत्ति व्यतिरिक्त कुनै विषय छैन । बुद्धि व्यतिरिक्त कुनै विषय वास्तवमा छैन यदि बुद्धि व्यतिरिक्त विषयको विद्यमानता संभव हुन्छ तब सुषुप्तिमा पनि विषय देखनामा आउनु पर्ने थियो । त्यसकारण बुद्धि व्यतिरिक्त शब्दादि विषय पदार्थ वास्तवमा विद्यमान छैन ।

त्यसो भए बुद्धि छ कि ? जो वेला बेलामा भिन्न-भिन्न वृत्ति युक्त भै रहेको छ । यसको जवाफ यो हो कि बुद्धि पनि वास्तवमा छैन । यदि बुद्धि सत्य पदार्थ हुन्थ्यो तब सुषुप्ति समाधि अवस्थामा पनि बुद्धि विद्यमान हुने थियो । त्यहाँबाट बुझिन्छ कि बुद्धि वास्तवमा छैन ।

यसरी वेदान्त शास्त्र अनुयायी युक्तिद्वारा के निर्णय हुन्छ ? वेदान्त शास्त्रको यो निर्णय हो कि विषय र बुद्धि (अर्थात् सपूर्ण द्वैत प्रपञ्च) वास्तवमा छैन । त्यस्को युक्ति यो हो कि जुन कुरा आदि र अन्त्यमा ठहर्दैन, यसरी स्पस्ट सिद्ध भयो कि केवल एक अद्वैत परमार्थ सत्य आत्मब्रह्म तीनै कालमा एकरस रूपले विद्यमान छ र बाध कैले पनि कसै गरे पनि सभव छैन ।

यदि बुद्धि आदि कुनै द्वैत पदार्थ छैन भने द्वैतको प्रतीति, द्वैतग्रहण, द्वैतत्याग पूर्वक सपूर्ण मनुष्यको व्यवहार र शास्त्रोक्त प्रत्यक्षादि प्रमाण– समूह नहुनु पर्ने थियो ? यस्को उत्तर यो हो कि द्वैतमा सत्यता पूर्वक संपूर्ण मनुष्यको व्यवहार हो केवल मायिक द्वैत प्रपञ्च अन्तःपाती, मायिक द्वैत प्रपञ्चको स्वाभाविक चेष्टामात्र ठीक जस्तो स्वप्नकालमा द्वैत प्रपञ्चको ग्रहण त्याग पूर्वक

संपूर्ण व्यवहार प्रतीत हुन्छ तापनि संपूर्ण द्वैत प्रपञ्च र संपूर्ण व्यवहार वास्तवमा हो केवल मिथ्या । त्यस्तै जाग्रतमा पनि द्वैत प्रपञ्चको अवभास र द्वैत प्रपञ्च पूर्वक व्यवहार हो दोष पूर्ण (मिथ्या) ।

यसमा प्रमाण के हो ? यसमा प्रमाण हो श्रुति र युक्ति । अद्वैत सिद्धान्त हो श्रुति सिद्धान्त । यो हो श्रुति प्रमाण । द्वैत यदि पारमार्थिक सत्य हुन्थ्यो तव त्यस्को वाध कुनै अवस्थामा पनि नहुने थियो । किन्तु द्वैत प्रपञ्चको वाध प्रतिक्षणमा र दुइ पदार्थ ज्ञानको सन्धिकालमा, दुइ अवस्थाको सन्धिकालमा, प्राण अपानको सन्धिकालमा सुषुप्तिकालमा समाधि दशामा, ज्ञानीको सर्वकालिन अनुभवमा द्वैत वाधित हुन्छ र त्यसकारण द्वैत तीनै कालमा वाधित भएको हुनाले त्यो हो मिथ्या— यो हो युक्ति प्रमाण ।

चित्तका स्थितिहरू

जाग्रतमा चित्त निरन्तर भिन्न भिन्न वृत्तियुक्त भएर बस्दछ । स्वप्नमा चित्त भिन्न-भिन्न वृत्तियुक्त हुँदैन, किन्तु स्वप्नमा चित्त पदार्थको आकारमा आकारित भएको प्रतीत हुन्छ सुषुप्तिमा चित्त बिलकुलै रहँदैन । तुरीयमा चित्त केवल आत्मस्वरूपमा स्थित (चिदाकारमा आकारित) रहन्छ । त्यसकारण "म हूं वास्तवमा ब्रह्मवस्तु" यस प्रकार स्वतःसिद्ध अनुभव बनी रहन्छ ।

—★—

चित्तको विलापन र त्यसको फल

१) चित्त जब तुरीय स्वरूपको अनुभवमा चिद्रूपत प्राप्त हुन्छ तब चित्तलाई वृत्तियुक्त हुन दिन हुँदैन । अर्थात् ज्ञानको साधन जो चित्त हो त्यसलाई ब्रह्मस्वरूपले स्थित राख्नु । चित्तलाई ब्रह्मरूपले राख्नुको माने हो वृत्तियुक्त चित्तलाई नराख्नु । यसैको नाम हो ब्रह्माकार वृत्ति । ब्रह्माकार वृत्तिलाई पाल्नु । अर्थात् चित्तले निरन्तर आफ्नो ब्रह्मरूपलाई अनुभव गर्नु ।

यसैको नाम हो ध्येयाकार वृत्ति प्रवाह । यो ध्येयाकार वृत्ति प्रवाह हो साक्षीप्रत्यक्ष । अर्थात् आफू साक्षी प्रत्यक्ष भएकन आफूको "म हुँ ब्रह्म" यस प्रकार अनुभव यत्नपूर्वक पालित (ब्रह्माकार वृत्तिद्वारा सिद्ध) हुन्छ । यसैको नाम हो **सविकल्प समाधि** ।

२) जब सविकल्प समाधिको अनुभवबाट आफू हो ब्रह्मरूप भनी संस्कारको बलले निश्चित हुन्छ तब साक्षी भाष्य वृत्तिप्रवाहलाई पनि नराख्नु- अर्थात् साक्षीभावलाई छाडेर आफू ब्रह्म भएर स्थित रहनु । यसप्रकार ब्रह्म भएर

स्थित हुनुलाई अचित्तता अमनस्कता किम्वा अखण्डाकारता भनेको छ । यो अखण्डाकार साक्षी प्रत्यक्ष हैन किन्तु यो हो (स्वयं प्रकाश) आफ्नो ब्रह्मस्वरूपताको स्वयं प्रकाशमान रहनुलाई निर्विकल्प समाधि भनेको छ । यो निर्विकल्प समाधिमा आफू ब्रह्म भएर प्रकाशमान भएर रहन्छ । यसप्रकार अखण्डाकारतालाई यत्न पूर्वक पाल्नु । किन ? उत्तर– यदि आफू स्वयं प्रकाशमान ब्रह्मरूपले नित्य निरन्तर दीर्घकाल रहदैन तव जगत् वासना र मनको मननाकारता निवृत्त हुँदैन । संपूर्ण जगत् वासनालाई नाश गर्नको लागि र मनको मननाकारता स्वभावलाई विनष्ट गर्नको लागि नित्य निरन्तर स्वयं प्रकाशमान ब्रह्म भएर स्थित रहनु पछ यसैको नाम हो निर्विकल्प समाधिको परिपाक ।

३) परिपाक भए अखण्डाकारताको अभाव हुन्छ । अर्थात् "म ब्रह्म हुं" यसप्रकार अनुभवको सट्टा आफू ब्रह्म भएर स्थित रहन्छ यस प्रकार ब्रह्म भएर स्थित हुनुको नाम हो साक्षात्कार (ब्रह्महुनु) ।

०००००००

चित्तका मुख्य स्थिति

१) भिन्न-भिन्न वृत्तियुक्त भएर रहनु— जाग्रत

२) चित्त पदार्थको आकारमा आकारित हुनु- स्वप्न

३) चित्त आकार रहित भएर रहनु— सुषुप्ति

४) चित्त चिदाकारमा आकारित रहनु— तुरीय

तुरीयमा प्राप्त हुने क्रम

५) विच्छेद पूर्वक चित्तको ब्रह्माकार वृत्ति- ध्यान

६) चित्तको ध्येयाकार वृत्ति प्रवाह साक्षी द्वाराज्ञान- सविकल्प समाधि

७) आफू ब्रह्म भएर स्थित रहनु- अखण्डाकार वृत्ति- निर्विकल्प समाधि

८) नित्य निरन्तर स्वयं प्रकाश ब्रह्म भएर स्थित रहनु- निर्विकल्प समाधिको परिपाक

९) अखण्ड कार वृत्तिको अभाव- आफू ब्रह्म भएर स्थित रहनु - (ब्रह्महुनु)— साक्षात्कार

ब्रह्म कति टाढा हो

अपरोक्षानुभूति ग्रन्थमा भगवान शंकर भन्नु हुन्छ कि (१) चित्त वृत्तिलाई निर्विकार तुल्याउनु (२) चित्तलाई ब्रह्माकार वृत्ति तुल्याउनु (३) ब्रह्माकार वृत्तिलाई भंग गर्नु ।

जहाँ सम्म ब्रह्माकार वृत्ति उत्पन्न हुंदैन त्यहाँ सम्म चित्त निर्विकार भएर पनि आफ्नो ब्रह्मस्वरुपको अनुभव हुन सक्दैन त्यसकारण ब्रह्माकार वृत्तिको अनुवृत्ति पूर्वक आफू हो ब्रह्म यसप्रकार नित्य निरन्तर दीर्घकाल आफ्नो ब्रह्मस्वरूपताको अनुभव गरी रहनु पर्छ ।

यो ब्रह्माकार वृत्तिको अनुवृत्ति दीर्घकाल नित्य निरन्तर नभए "म हुँ संसारी मनुष्य सुखी दुःखी" यसप्रकार अनुभवको लेश विनष्ट हुन सक्तैन ।

जसरी नूनको डल्लो पानीमा पर्यौके पछि त्यो पानी नूनिलो रहन्छ त्यस्तै ब्रह्माकार वृत्तिको अनुवृत्ति रहनु सम्म आफू हो ब्रह्म यसप्रकार अनुभव भै रहन्छ, किन्तु आफू ब्रह्म हुँदैन । ब्रह्म हुनु र "म ब्रह्म हुं" यस्तो अनुभव गर्नु हो पृथक् पृथक् कुरा ।

"म ब्रह्म हुँ" यसप्रकार ब्रह्माकार वृत्तिको अनुवृत्ति आफूलाई ब्रह्मस्वरूपको अनुभव त दिलाई रहन्छ, किन्तु आफू ब्रह्म हुंदैन । त्यसकारण ब्रह्माकार वृत्तिको अनुवृत्ति दीर्घकाल नित्य निरन्तर भएमात्र आफ्नो संसारीपन निःशेष विनष्ट हुन्छ । जब अहं ब्रह्म यो अनुभवको दृढता हुन्छ र "म हुँ संसारी" यसको आत्यन्तिक विनाश हुन्छ तब ब्रह्माकार वृत्तिको भंग हुन्छ । ब्रह्माकार वृत्तिको भंग हो मुमुक्षुको मनको नाश, बासनाको सम्यक् क्षय । बास-नाक्षय अनन्तर (ब्रह्माकार वृत्तिको भंग भए) ब्रह्म स्वरूपताको अनुभव बन्द हुन्छ । मुमुक्षु ब्रह्म बनिहाल्छ ।

निर्विकारतया वृत्या ब्रह्माकारतया पुनः ।
वृत्ति बिस्मरणं सम्यक् समाधिर्योगिनां प्रिय ॥

समाधि–निरूपण

पहिले ध्यान र समाधि (सविकल्प समाधि) को बारेमा बताउँछु ।

जब चित्तको ध्याता, ध्यान, ध्येय यो तीन प्रकारको वृत्ति रहन्छ, तब यसको नाम हो विच्छेद पूर्वक आत्मस्वरूपको अनुभव । अर्थात निरन्तर रूपले हैन, किन्तु बिच बिचमा विच्छेद पूर्वक आफ्नो चिद्रूपताको अनुभवलाई ध्यान भनेको । यो चित् स्वरूपको अनुभव बिच बिचमा विच्छेदको हेतु हो समाधि भावको अप्राप्ति जब चित्त आत्मस्वरूपमा समाहित हुन्छ तब आत्मस्वरूपको अविच्छिन्न रूपले वृत्ति पूर्वक अनुभव भै रहन्छ ।

किन्तु जब चित्त समाहित हुँदैन अर्थात् ध्यानको परिपाकले जब ध्याता भावको विगलन हुंदैन– तब विच्छेद पूर्वक आत्मस्वरूपको अनुभव भै रहन्छ जब ध्याताभावको विगलन हुन्छ र केवल ध्येयाकार वृत्ति निरवच्छिन्न रूपले बनि रहन्छ र सो निरवच्छिन्न ध्येयाकार वृत्ति प्रवाहलाई ध्याताभावलाई छोड़ेर केवल साक्षी रूपले प्रकाशित गरि

रहन्छ, तब त्यो निरवच्छिन्न ध्यानलाई समाधि भनेको छ ।

ध्यान दशामा त्रिपुटी रहन्छ, समाधि दशामा ध्याता रहदैन । साक्षी रहन्छ । साक्षी प्रत्यक्ष रूपले चित्तको ध्येयाकार वृत्ति प्रवाह चलि रहन्छ ।

जब चित्त समाहित हुन्छ । अर्थात् ध्याता भाव रहंदैन तब ध्याता सविकल्प समाधि जनित आनन्दको भोक्ता बनि हाल्छ र त्यो आनन्दको उपभोगलाई रसास्वाद भनिएको छ ।

ध्यानादि रसास्वाद सम्म हो चित्त वृत्तिहरूको विद्यमान रहनुको काल । पहिले चित्तको ध्याता भाव विगलित हुन्छ त्यसपछि चित्तको ध्येय भाव पनि विगलित हुन्छ र चित्तादि नष्ट हुन्छ ।

चित्तको विनाश हो निर्विकल्प समाधि । चित्त शब्द को अर्थ हो चित्तका वृत्तिहरू । जब चित्तको वृत्ति रहंदैन केवल चित्त रहन्छ त्यसलाई निर्विकल्प समाधि भनेको छ । सूक्ष्म दर्शी पुरुषले चित्तको अचित्त भावलाई चित्तको अखण्डाकारता भनेको छ । चित्तको अखण्डाकारता, चित्तको अचित्तभाव, ब्रह्माकार वृत्ति सारा हो पर्याय शब्द ।

प्रश्न— सविकल्प समाधि र निर्विकल्प समाधिमा

चित्तको वृत्ति कस्तो कस्तो रहन्छ ?

उत्तर— सविकल्प समाधिमा चित्तको वृत्ति रहन्छ किन्तु निर्विकल्प समाधिमा चित्तको वृत्ति रहदैन केवल चित्त रहन्छ । यस प्रकार केवल चित्त रहनु हो चित्तको अखण्डाकारता किम्बा ब्रह्माकार वृत्ति ।

०००००००

सुषुप्तिमा र मोक्षमा फरक

सुषुप्तिमा दृश्य रहदैन, मोक्षमा पनि दृश्य रहदैन, तर सुषुप्तिमा दृश्यको बीज (अज्ञान) रहन्छ । मोक्ष दशामा दृश्यको बीज अज्ञान पनि रहदैन । सुषुप्तिमा आनन्दको अनुभव हुन्छ। मोक्षमा दशा पनि आनन्दकोअनुभव हुन्छ। तर सुषुप्तिमा आनन्द आवृत रहन्छ मोक्षमा आनन्द आवृत रहदैन ।

सुषुप्ति अनन्तर जाग्रत र स्वप्नमा अविद्यावाट बुद्धि खडा हुन्छ र जाग्रत् स्वप्न प्रपच देखाउँछ । किन्तु मोक्ष दशामा अविद्या नभएको हुनाले जाग्रत, स्वप्न अवस्था खडा हुँदैन र जगत् प्रपंच पनि देख्नमा आउँदैन । जब निर्विकल्प समाधिको परिपाकबाट जगत् वासनाको निवृत्ति हुन्छ र साक्षात्कार वृत्ति द्वारा अज्ञान र त्यसको कार्य जगत् नष्ट हुन्छ तव मोक्ष दशा प्राप्त हुन्छ ।

यसरी सुषुप्ति अवस्था र मोक्षदशामा दृश्यको अभाव र सुखको अनुभव भएतापनि एउटामा जगत्को बीज अविद्या रहन्छ अर्कोमा जगत् र त्यसको बीज अविद्या पनि रहदैन, यही हो सुषुप्ति र मोक्ष दशाको भेद ।

दुइ दशाको भेद चित्रद्वारा देखाइन्छ ।

सुषुप्ति	मोक्ष दशा
१. दृश्य रहन्छ	१. दृश्य रहदैन
२. दृश्य बीज (अज्ञान) रहन्छ ।	२. मोक्ष दशामा दृश्यको बीज (अज्ञान) रहदैन।
३. आवृत आनन्दको अनुभव	३. अनावृत आनन्दको अनुभव
४ अविद्याबाट जाग्रत्,स्वप्न सुषुप्ति खडा हुन्छ ।	४. अविद्या नभएकोले जाग्रदादि अवस्था खडा हुंदैन।

सुख दुःख दशा

मनुष्यको फलोन्मुख धर्माधर्म वशात् जो सुख दुःखादिको अनुभवको अवस्था हो त्यो बाहेक अरु पनि एक अवस्था सबैको अनुभवमा आउँछ त्यो हो उदासिन अवस्था, किम्वा केवल साहंकार स्थिति। अर्थात् उदासिन अवस्थामा मानिसको केवल अहकार (अज्ञानोपन्न) रहन्छ, किन्तु सुख दुःखको अनुभव रहदैन। त्यसकारण उदासिन अवस्था हो सुख दुःखादि भोगको अन्तराल अवस्था। त्यसमा आत्माको अनुभव हुँदैन। किनकि सावरक अज्ञान ज्ञानद्वारा विनष्ट भएको छैन, त्यसकारण उदासिन अवस्था हो सुख दुःख आदि भोगको अवस्था देखि भिन्न। उदासिन अवस्थामा सुख दुःखको भोगको हेतु सावरण आत्मा (अहंकार) अवशिष्ट रहन्छ र पछि धर्माधर्म वशात् सुख दुःखको अनुभव त्यो अहंकार (भोक्ता प्रमाता) बाट वन्दछ।

प्रश्न— उदासिन अवस्था देखाउनाको आशय के हो ?

उत्तर— साधारण मानिसको जो धारणा हो कि मनुष्य जीवन केवल सुख दुःख भोगको निमित्त प्राप्त भएको

छ त्यसको निराकरणको लागि सुख दुःख भोगको कारण ले अवस्थाको प्रदर्शन सार्थक हो। यहांबाट मुमुक्षु पुरुषलाई थाहा हुन्छ कि यो सुख दुःख भोग पनि हो अहंकार कृत। अहंकार विनष्ट भए यो सुख दुःख भोग पनि नष्ट हुन्छ। त्यसकारण मुमुक्षु पुरुषले आत्म ज्ञानको लागि प्रयत्न गर्नु पर्छ।

प्रश्न— यी तीन अवस्था बाहेक अरू अवस्था पनि छ कि ?

उत्तर— छ। त्यो हो ज्ञानावस्था, जसमा अहंकार को आत्यन्तिक विनाश अनुभूत हुन्छ। केवल आत्मस्वरूप स्वयं प्रकाश परिशिष्ट रहन्छ।

—*—

संकल्प सिद्ध र दृष्टिसिद्ध कुरा

पदार्थ दुई प्रकारले सिद्ध हुन्छ (१) कल्पनाबाट सिद्ध (२) इन्द्रियबाट सिद्ध (दृष्टि सिद्ध) ।

प्रश्न— अच्छा, खुदी वेनीको जो मेरो मनमा याद हुन्छ त्यो त कल्पना सिद्ध कुरा हो त्यो मेरो कसरी प्रत्यक्ष सिद्ध हुन सक्ला ?

उत्तर— सारा पदार्थ पैले कल्पनाबाट सिद्ध हुन्छ त्यसकारण खुदी वेनीको याद (स्मरण) पनि हो कल्पना सिद्ध त्यसकारण त्यो हो साक्षी भाष्य। जब कल्पनाको दृढता हुन्छ— अर्थात यो कलपना मात्र हो भनी विस्मरण हुन्छ तब त्यो कल्पना सिद्ध कुरा झन दृढ बनेर दृष्टि सिद्ध स्वरूपलाई प्राप्त गर्छ । खुदी वेनीको स्मरण पछि दृढता प्राप्त गर्छ । स्मरण प्राप्त खुदी वेनीमा ज्यादा प्रेम हुंदै जान्छ, अर्थात खुदी वेनी हो कल्पना मात्र भन्ने कुरा मैले विर्सी हाल्छु तब खुदी वेनीको याद भै हाल्छ (खास खुदी वेनी लाई देखी हाल्नुको बराबर भै हाल्छ) । यसप्रकार कल्पनाको दृढतालाई दृष्टि सिद्ध मानिएको छ ।

प्रश्न— यो दुइ प्रकारको पदार्थमा के भेद छ ?

उत्तर— केवल स्मरणबाट मानिसको हृदयमा कुनै विकार उत्पन्न हुँदैन किन्तु स्मरण जब दृढता प्राप्त हुन्छ (त्यसको कल्पित स्वरूपताको विस्मरण हुन्छ तब) मनुष्य विकार प्राप्त हुन्छ, राग द्वेष युक्त हुन्छ। वास्तवमा दृष्टि सिद्ध कुरा हो केवल कल्पना मात्र मिथ्या ।

इच्छाको बारेमा प्रश्न

(पद्मपादको बारे निस्किएको)

प्रश्न- तपाईको मनमा इच्छा छ ?

उत्तर- अहिले इच्छा छैन ।

प्रश्न- किन ?

उत्तर- अहिले मेरो मनमा कुनै प्रकार इच्छा खडा भएको छैन ।

प्रश्न- पछि त इच्छा आउला कि ?

उत्तर- आउन सक्छ ।

प्रश्न- त्यसो भए बिलकूलै इच्छाको अभाव तपाई कैले र कसरी जान्न सक्नु होला ?

उत्तर- जहाँ सम्म अज्ञान रहन्छ त्यहाँ सम्म अप्रकट होस् मेरो मनमा इच्छा बनि नै रहन्छ ।

प्रश्न- तपाईले मनमा इच्छाको आत्यन्तिक अभाव किन देख्नु भएन ?

उत्तर- म ज्ञानी नभएको हुनाले इच्छाको बीजरूप

वासनाको अभाव भएको छैन ।

प्रश्न- ज्ञानले के देखिन्छ ?

उत्तार- ज्ञानले केवल अद्वैत आत्म वस्तु स्वयं प्रकाश मान देखिन्छ जगत् वासनाको लेश पनि देखिदैन तब सम्यक् इच्छाको अभाव प्रत्यक्षको विषय हुन्छ। सम्यक ज्ञान प्राप्तिको पूर्वदशा सम्म इच्छाको अभाव बन्दैन ।

—ॐ—

पदार्थ द्वयको विवेचन

प्रश्न- शरणागत मलाई आफ्नो कल्याणको मार्गको उपदेश दिनु होस् ।

उत्तर- सर्वप्रथम कल्याणकारी काम हो आफूलाई शुद्ध तुल्याउनु (त्व पदार्थ शोधन गर्नु) यसको क्रम यस-प्रकार को हो :-

१) पञ्चकोषको परिहार हो- आफूलाई शोधन गर्नु । अन्नमयकोषको परिहार गर्नु हो- शरीरको बाहिर स्थित पदार्थको लागि इच्छा र शरीर इन्द्रियमा आफू बुद्धिको परिहार ।

२) बाँची रहनुको इच्छा परिहार- किनकि आफू प्राणरूप हैन र इन्द्रियमा अभिमान र त्यसको परित्याग ।

३) मनोमयकोषको परिहार- अर्थात ज्ञानेन्द्रिय र मनमा आफू बुद्धि र आफ्नो बुद्धिलाई परित्याग गर्नु । यसैको फलले आफ्नो प्रमाता कर्ता भाव शिथिल हुन्छ ।

४) विज्ञानमय कोषको परिहार– कर्ताभावको परिहार ।

५) आनन्दमयकोषको परिहार– कोश किम्वा भोक्ताभावलाई वर्जन गर्नु म भोक्ता हैन ।

यो हो भोगवासना संयुक्त चैतन्यरूप साक्षी भावको प्राप्ति (त्वं पदार्थ शोधन) त्यसपछि तत्पदार्थमा प्रवेश हुन्छ– यो हो अज्ञानको राज्य ।

तत्पदार्थ शोधन– अज्ञान किम्वा माया युक्त चैतन्यले संपूर्ण जगत्‌लाई सृष्टि गरेको छ, जगत् मायिक भएको हुनाले पारमार्थिक सत्य हैन, त्यसकारण परमात्मा वास्तवमा निर्गुण निष्प्रपञ्च हुन्छ यो हो तत्पदार्थको शोधन ।

—★—

अहिले शोधित दुइ पदार्थको
एकताको प्रकरण

भोग वासना (जगत् वासना) हो भेद वासनाको कार्य । निष्प्रपञ्च ब्रह्म हो भेद वासना विनिर्मुक्त चैतन्य । अहिले जो साक्षी चैतन्य थियो त्यसको ब्रह्म चैतन्यको साथ एकता गर्नु पर्छ । त्यो सभव हुन्छ साक्षीबाट भोग वासनाको तादात्म्यको निवारण पूर्वक जगत् स्रष्टृत्वरूप मायावीपनलाई परमात्माबाट निरसन गर्नु । जब शुद्ध बुद्ध अद्वितीय परमात्मामा कुनै भेदभाव (जगत् स्रष्टृत्व र त्यसको अधिष्ठान यसप्रकार कल्पित भेदभाव) निवृत्त हुन्छ । तब त्यसको परिणामले साक्षी-बाट संपूर्ण भोग वासना विना पनि निवृत्त भै हाल्छ । किनकि भेदवासना विना भोगवासना संभव हुंदैन ।

त्यसैले साक्षीभाव रूप त्व पदार्थको शोधन अनन्तर सप्रपञ्चस्वरूप भेदभावलाइ निरसन गर्नु पर्छ अर्थात् जगत्को आत्यन्तिक मिथ्यात्वको प्रत्यक्ष अनुभव गर्नु पर्छ । शोधित त्वंपद कसरी शोधित तत्पद सित एक हुन सक्ला ?

उत्तर– यो हो कि जब तिमी आत्यन्तिक प्रपञ्चको मिथ्यात्वलाई अन्तिम साक्षात्कार वृत्तिको उत्पत्तिद्वारा प्रत्यक्ष गरिहाल्छौ, तब केवल तिमीमा त्वंपद र तत्पद बसेको छ र त्यसकारण क्रमिक रूपले भोगवासना र भेदवासना निर्मूल गरेर (कसरी ? निर्विकल्प समाधिको परिपाकद्वारा) आफ्नो वास्तव जीवसाक्षी ईश्वरसाक्षी दुवै भावबाट विनिर्मुक्त तृतीय चैतन्य स्वरूपलाई प्राप्त गरिहाल्छौ; ख्याल राख्नु पर्छ प्राप्ति हुनुको पूर्व क्षणमा ब्रह्माकार वृत्तिको भंग भए केवल ब्रह्म प्रत्यक् रूपले परिशिष्ट रहन्छ। यत्ति हो पदार्थ द्वयको विवेचन ।

आत्माको उपलब्धिको उपाय

आत्मा हो एक अद्वितीय वस्तु त्यो देखाउनुको लागि एक दृष्टान्त (वाशिष्ठ) लिनु भएको छ । सूर्यको प्रकाश यद्यपि जहां पनि व्याप्त छ जस्तो पानीमा, जमिनमा, पहाडमा, अर्थात् सूर्यको किरण जहां पनि परिरहेको छ । तापनि सूर्य हो प्रकाशरूप त्यो स्पष्ट रूपले अनुभवमा आउँदैन । सूर्यको प्रकाशलाई स्पष्ट रूपले देख्न अन्यत्र जमिन आदिमा पाइदैन किन्तु केवल पानिमा देखिन्छ । किनकि एकमात्र स्वच्छ पानीमा प्रकाशरूप सूर्य प्रतिबिम्ब हुन्छ र प्रतिबिम्बित सूर्यलाई देखेर हामीहरू आकाशमा प्रकाशरूप सूर्यको सत्तालाई खास ग्रहण गर्न सक्छौं अर्थात् केवल पानीमा भासमान हुन्छ । यस्तै आत्मा वाहिर भित्र जहाँ पनि विद्यमान छ (व्याप्त छ) तापनि आत्मसत्ताको अनुभव- अर्थात् केवल आत्मसत्ता विराजमान छ भनी स्पष्ट रूपले थाहा पाउनु तब संभव छ जब मेरो शरीरको भित्र विद्यमान बुद्धि अचल भएर स्थित हुन्छ । केवल अचल बुद्धि अखण्डाकार बुद्धि हो स्पष्ट रूपले आत्मस्वरुपको

उपलब्धिको एकमात्र माध्यम । जब मनुष्यको बुद्धि अचल- निश्चल भएर- अखण्डाकार रूपले स्थित हुन्छ तब मात्र आत्मसत्ताको स्पष्ट भान अनुभव सम्भव हुन्छ, आत्मा सर्वत्र विद्यमान भएर पनि आत्माको उपलब्धि केवल अचल बुद्धिमा संभव हुन्छ अन्यत्र अरु प्रकारले कदापि सम्भव हुँदैन ।

—★—

सहज साक्षात्कारको उपाय

प्रश्न– वेदमार्ग अनुसार कसरी साक्षीले ब्रह्मभावलाई साक्षात् जान्न सक्दछ ?

उत्तर– एक अखण्ड ब्रह्म वस्तु अज्ञानवशात् साक्षी भन्ने र साक्षीबाट ज्ञेय आनन्द भन्ने (दुइ) विभागलाई प्राप्त गरेको छ साक्षी वस्तु ब्रह्मवस्तु देखि वास्तवमा भिन्न हैन । जहां सम्म आफ्नो अखण्ड ब्रह्मस्वरूप आवृत रहन्छ त्यहाँ सम्म एक अखण्ड ब्रह्म ज्ञाता र ज्ञेय नामले कथित हुन्छ । यसरी केवल अज्ञान वशात् बनेको दुइ विभाग वास्तविक हैन; यसप्रकार युक्ति र क्षणिक अनुभूतिद्वारा ज्ञाता र ज्ञेयको एकता विषयक निश्चय सहज रुपले बने पछि ज्ञाता पुरूपले आफूलाई ज्ञेय देखि अभिन्न भनो साक्षात् जानिहाल्छ ।

यसरी अखण्डाकार चित्त र उसमा चिन्मात्रको प्रतिबिम्बन बिना ज्ञाता पुरूपले ज्ञेय पुरुषलाई साक्षात्कार गरिहाल्छ ।

सुख दुःखलाई कसले जान्दछ

सुख दुःखलाई (सुखाकार दुःखाकार) वृत्तिलाई प्रकाश गर्दछ (जान्दछ) साक्षी चैतन्यले, अर्थात जब सुखाकार दुःखाकार वृत्ति चित्तमा उत्पन्न हुन्छ (यो वृत्तिको उत्पत्ति हो धर्माधर्म वशात्) तब त्यो साक्षात् साक्षी चैतन्यमा अध्यस्त हुन्छ र त्यो साक्षी चैतन्यबाट प्रकाशित हुन्छ (सत्ता स्फूर्ति प्रदान गर्छ) ख्याल राख्नु पर्छ साक्षी निर्विषय चैतन्य भएकोले त्यसमा अध्यस्त सुखाकार दुःखाकार वृत्तिले साक्षीलाई अलिकति पनि स्पर्श गर्न सक्दैन । साक्षीभास्य पदार्थ सित साक्षी चैतन्यको केवल आध्यासिक सम्बन्ध बन्दछ ।

तर सुखाकार दुःखाकार वृत्तिमा प्रतिफलित साक्षी चैतन्य सुखाकार दुःखाकार वृत्तिबाट विकारी बन्दछ । त्यो विकारी वस्तु को हो ? र त्यो विकारको स्वरूप के हो ? यसको जवाफ यो हो कि सुखाकार दुःखाकार वृत्तियुक्त चित्त (स्वच्छ स्वभाव भएको हुनाले) सम्मिपस्थ साक्षी चैतन्यको प्रतिबिम्बलाई ग्रहण गर्दछ र यो

भासमान सात्विक सुखाकार दुःखाकार वृत्तियुक्त चित्त सुख दुःखबाट ग्रस्त हुन्छ किनकि साभास दुःखाकार चित्तवृत्ति हो विकारको हेतु । साभास सुखाकार दुःखाकार वृत्तिले केवल आफूलाई प्रकाश गर्दछ अरुलाई हैन; अर्थात् जब सुखाकार दुःखाकार साभास वृत्ति उत्पन्न हुन्छ तब त्यो वृत्तिले सुखलाई दुःखलाई प्रकाश गर्छ; वृत्तिले सुख दुःख बाहेक अरु कुरालाई प्रकाश गर्न सक्दैन । ठीक जस्तो आगोबाट प्रदिप्त फलामको टुक्राले केवल फलामलाई प्रकाश गर्छ, समिपस्थ अरु कुरालाई प्रकाश गर्दैन त्यसकारण साभास सुखाकार दुःखाकार वृत्तिले सुखलाई दुःखलाई प्रकाश गर्छ, जान्दछ । यसरा प्रमाताले भित्रको सुख दुःखलाई जान्दछ भनी भनिएको छ ।

ज्ञान वाशिष्ठको सार

"यो जगत् आदि अचेतन चिन्मात्र थियो त्यसको आभास जगत् भयो– त्यो आभास जसको अधिष्ठान स्वरुप अहं प्रतीति हुन्छ त्यसको जगत् आकाशरुप भास्दछ"।

योग वाशिष्ठ ग्रन्थमा उक्त भएको जो ज्ञान हो (जो मोक्षको एकमात्र उपाय हो) त्यो यहाँ संक्षेपमा वताइन्छ, यो वाक्य सम्पूर्ण योगवाशिष्ठको ग्रन्थको सार सर्वस्व हो। विश्लेषण पूर्वक यो वाक्यको अर्थ अनुभव गर्न सके हामीहरूलाई सजिलो सित ब्रह्मज्ञान प्राप्त हुन्छ।

यो वाक्यको दुइ हिस्सा छ (१) अद्वितीय परमार्थ सत्य ब्रह्म वस्तु सर्वदा र सर्वत्र विद्यमान छ, त्यो वाहेक अरु दोस्रो कुनै पदार्थ वास्तवमा छैन ।

(२) यो सर्वोत्तम ब्रह्मस्वरूपमा मणिको झलक झैं आभास खडा हुन्छ । यो आभासको नाम हो जगत् । यो जगत्को दुइ हिस्सा छ । (१) भित्रको हिस्सा (२) वाहिरको हिस्सा । जस्तो "म मर्न आँटेको छु" यसमा 'म' हो जगत्को भित्री हिस्सा र "मर्न आँटेको छु"

हो जगत्को वाहिरी हिस्सा । यो दुइ हिस्सा मात्र हो सपूर्ण जगत् रूप आभास । आभास शब्दको अर्थ हो ब्रह्म वस्तु झैं (आफ्नो वास्तव स्वरूपभूत आत्मा झैं) प्रकाशमान भैं राखेको छ । यसमा जो "म" हिस्सा छ त्यसमा खास आफू बुद्धि हुन योग्य भनी देखिन्छ र "मर्न आँटेको छु" भन्ने हो वास्तव वाहिर जगत् पदार्थ झैं सांचो वस्तु । यसको (ब्रह्मको) आभासरूप जगत्मा आफू बुद्धि र आफ्नो बुद्धि हुन जान्छ । तर भगवान् वशिष्ठ भन्नु हुन्छ कि जसको यसप्रकार आभासरूप जगत्मा आफू र आफ्नो बुद्धि सभैकन आभासको अधिष्ठानमा आफू बुद्धि र त्यसको "मर्न आँटेको छु" भनी जो आभास जगत्को वाहिरी हिस्सा थियो त्यसमा सत्यता बुद्धि संपूर्ण निवारित भैं हाल्छ ।

यसको कारण यो हो कि जब आभास जगत्को भित्री हिस्सामा आफू बुद्धि निवारित हुन्छ, तब "मर्न आँटेको छु" आभास जगतको वाहिरी हिस्सामा पनि सत्यता बुद्धि र डरलाग्दो बुद्धि पनि सपूर्ण निवारित भै हाल्छ । सार कुरा यो हो कि जगत् भासमान भए तापनि यसमा म बुद्धि हुँदैन र त्यसको वाहिरी हिस्सामा

सत्यता बुद्धि हुन सक्दैन । आभास हुँदा पनि जसको अधिष्ठानमा आफू बुद्धि नभैकन केवल भासमान जगत्को एकहिस्सामा आफू बुद्धि हुन्छ तब जगत्को बाहिरी हिस्सामा पनि अवश्य सत्यता बुद्धि बनि नै रहन्छ, किन्तु जब आभासलाई छोडेर अधिष्ठानमा आफू बुद्धि हुन जान्छ तब मात्र आभासको बाँकि हिस्सामा अलिकति पनि सत्यता बुद्धि नभएर तुच्छता बुद्धि बनिहल्छ र त्यसको परिणामले निर्विषय अद्वितीय प्रत्यगभिन्न ब्रह्मस्वरुपमा एकत्व बुद्धिको उदय पूर्वक सदाकालको लागि संपूर्ण जगतमा मिथ्यात्व बुद्धि उदित भै हाल्छ । यसैको नाम हो ब्रह्मबोध । जब यो ब्रह्मबोध दृढ हुन्छ तब मनुष्य मुक्त भै हाल्छ ।

ब्रह्मानुभवको क्रम

प्रश्न– अहङ्कार, त्यसको निरसन, र ब्रह्मस्वरूपको अनुभवको क्रम र फल प्रदर्शन गर ।

उत्तर– पहिले शास्त्रमा अहङ्कारको निरुपण र स्वरूपको प्रदर्शन भएको छ । अहंकार हो साभास सात्विक चित्तवृत्ति, त्यसको स्वरुप हो "म दुःखी छु" यो त्रिपुटीको नायक रुप; अर्थात् "म दुःखी छु" यो त्रिपुटीको मुख्य हिस्सा हो ।– अहंकार ।

जहाँसम्म त्रिपुटी रहन्छ त्यहाँसम्म अहंकार बनि[illegible] रहन्छ यो हो अहंकारको क्रम । जबसम्म चित्त उठी रहन्छ तबसम्म उठेको चित्तको मुख्य हिस्सा अहंकार नामले कहिन्छ यो अहंकार स्थितिको फल हो दुःखको अनुभव ।

(१) अहंकारको निरसन हो– अहंकारको उत्पत्तिको काल देखि ज्यादा उत्कृष्ट फल । वास्तवमा अहंकारको स्वरूप, स्थिति किन्वा फल प्रदर्शित भएको छ केवल अहंकारको निरसनको लागि अहंकारको निरसन

हो अहंकारलाई ग्रहण नगर्नु अर्थात् अहं (त्रिपुटीको नायक) नबन्नु त्यसकारण पैले निरसन भन्ने कुरा बुझ्नु पऱ्यो । चलेको चित्तबाट सर्वप्रथम अहंकार निस्कन्छ र त्यसपछि अहंकारका अंगहरू (साभास चित्तको राजसिक तामसिक वृत्तिहरू) खडा भै हाल्छन् । जब मैले अहंकारलाई आफ्नो वास्तव स्वरूप भनेर नमानेर त्यो अहंवृत्तिको प्रकाशक भनी मान्दछु तब अहंकारको द्रष्टा स्वरूपमा अहंकाररूप दृश्य विलीन भै हाल्छ र द्रष्टा चैतन्य (साक्षी चैतन्य) परिशिष्ट रहन्छ ।

"म वास्तवमा दृश्य अहंकार हैन, म हुँ वास्तवमा दृश्य अहंकार रहित केवल चित्स्वरूप"– यो हो अहंकार निरसनको स्वरूप ।

अहंकारको निरसन भए स्वयप्रकाश साक्षी चैतन्य परिशिष्ट रहन्छ ।

अन्त्यमा ब्रह्मस्वरूपको साक्षात् अनुभवको क्रम यसै देखाउँछ ।

जो अहंकार रूप दृश्यरहित केवल स्वप्रकाश चैतन्य स्वरूप अनुभवमा आएको छ त्यो ब्रह्मस्वरूप हैन त्यो अहंकारको साक्षी हो, प्रत्यक् वस्तु ब्रह्म हो निर्भेद (भिन्न

वाहिर भेद वर्जित स्वप्रकाश चैतन्य) त्यसकारण जहाँसम्म शरीरको अभिमान वनि रहन्छ त्यहाँसम्म जो साक्षी चैतन्य अनुभवमा आएको थियो त्यसको पनि जब निरसन हुन्छ- अर्थात् "म" प्रत्यक चैतन्य प्रकाशमान भै राखेको छु यस्तो हैन, किन्तु प्रत्यक्त्व पराक्त्व वर्जित शुद्ध निर्विभाग ब्रह्म चैतन्यमा प्रत्यक चित्स्वरूपको स्वतः पर्यवसान हुन जान्छ । यो हो ब्रह्मस्वरूपको अनुभवको फल ।

(१) यो ब्रह्मानन्दको **स्वरूप प्रकार हो**- अखण्ड चित्तवाट आफ्नो ब्रह्मस्वरूपताको स्वतः सिद्ध अनुभव (अर्थात् म ब्रह्मस्वरूप हुँ) यसप्रकार बुद्धि पूर्वक अनुभव ।

यो ब्रह्मस्वरूपको अनुभवको फल हो मोक्ष । सारा दुःखको निवृत्ति पूर्वक परमात्म स्वरूपको नित्य निरन्तर अनुभव ।

(२) ब्रह्मस्वरुपको अनुभव :-

प्रश्न- आफू शब्दको भिन्न-भिन्न अर्थ देखाएर कुन क्रमवाट ब्रह्मस्वरूपको अनुभव संभव हुन्छ त्यो संक्षेपले कथन गर ।

उत्तर- आफू शब्दको तीनवटा अर्थछन्- (१) चित्त साभास सात्विक वृत्तिरूप (प्रमाता) (२) अहकार साक्षी (साक्षी चैतन्य) र (३) निर्विभाग स्वप्रका चैतन्य (ब्रह्म) ।

ब्रह्मानुभवको क्रम :- (१) अहंकारला जानेर त्यस्को परित्याग ।

(२) दृश्य अहंकार वर्जित प्रत्यक साक्षीरूपले स्थिति

(३) प्रत्यक पराकत्व भेद वर्जित निर्विभाग स्वरूप अनुभव पूर्वक ब्रह्म स्वरूपमा स्थिति ।

(३) अद्वैतानुभव :-

प्रश्न- शुद्ध चैतन्य अहंरूपले स्फुरित हुन्छ- अ अहंरूपले भासमान हुन्छ भनाईको अर्थलाई स्पष्ट गर।

उत्तर- यो भनाई हो अत्यन्त मार्मिक, किन प्रसङ्गको विवेकवाट चैतन्यको अहं अहंरुपले प्रतिभास हु बिलकूलै वन्द भै हाल्छ । अब्रह्मरूपले ब्रह्मको अवभास हो केवल भ्रमरूप; त्यसकारण जहाँसम्म त्यस्तो अव भाषण वनिरहन्छ त्यहाँसम्म अद्वैत आफ्नो स्वरुप अनुभव हुन शक्तैन ।

अहंरूपले चैतन्यको अवभापण हो पैले प्रत्यक (१ साक्षीरूपले र पछि (२) अहंकार रूपले यो दुवै रूपले चैतन्यको अवभापण चैतन्यको यथार्थ रूपताको द्योतक हैन । त्यसकारण चैतन्य यसरी अवभापित भै राखेको छ भनाइको अर्थ यो हो कि अरू प्रकारले चैतन्यको अवभापणलाई निराकरण गरिकन प्रत्यक अभिन्न अद्वितीय ब्रह्मस्वरूपको सम्यक अनुभव गर्नुपर्छ ।

यो अनुभवको क्रम हो- (१) "म" देहादि विशिष्ट हैन, यसरी अहंकारलाई जानेर अहंकारको अभाव आपादन गर्नु । (२) अहंकारको अभावको साक्षी पनि "म" हैन, किनकि जब अहंकार (प्रमाताभाव) सांचो हैन तब त्यसको साक्षीभाव पनि वास्तव हैन- ठहरेन । (३) यसरी साक्षीभावको निराकरण पूर्वक निर्भस, निरहङ्कार, संपूर्णभेद वर्जित जो अद्वितीय परमानन्द स्वरुप ब्रह्म हो- त्यो तीनैकालमा अबाधित वस्तु भएको हुनाले त्यो हो पारमार्थिक सत्य वस्तु । यसप्रकार सम्यक् अनुभव गरिकन त्यो शुद्ध अद्वैत अनुभव वस्तुमा स्थित रहनु ।

ब्रह्मज्ञान अनन्तर अहंकार खडा हुन्छ कि!

ब्रह्मज्ञानबाट अविद्या नष्ट हुन्छ त्यसकारण अविद्याको कार्य अहंकार पनि विनष्ट हुन्छ वास्तवमा आविद्यक अहंकार परमार्थ सत्य वस्तु हैन; त्यसकारण जहाँसम्म आत्मस्वरूपको ज्ञान (विद्या) उत्पन्न हुँदैन त्यहाँसम्म अविद्या वशात् अहंकार आदि प्रपंच रहि रहन्छ। आत्म स्वरुपमा वास्तवमा अहंकार छैन त्यसकारण जब आत्म स्वरूपमा स्थिति हुँदैन तबसम्म अहंकार बनि नै रहन्छ।

ब्रह्मविद्या उत्पन्न भए केवल ब्रह्म प्रकाशमान रहन्छ। ब्रह्म एकरस र अद्वितीय परमार्थ स्वरूप भएको हुनाले स्वतः सिद्ध स्वयं प्रकाशमान ब्रह्म स्वरूपमा अरु अहंकारादि मिथ्या वस्तुको सत्‌भाव संभव छैन त्यसैले ज्ञानवान पुरुषमा कैले पनि अहंकार वास्तवमा विद्यमान हुन शक्तैन।

यो अज्ञानीको धारणा हो कि जब ब्रह्मस्वरूपमा (१) अज्ञान र (२) तत्कार्य अहंकार सत्य भनी मानिन्छ तब साक्षात्कार अनन्तर पनि त्यो अहंकार अवश्य देखनमा आउँछ त्यतिमात्र हैन अज्ञानीको धारणा यो हो कि

ज्ञानवान् पुरुषमा पनि अहंकार देखमा आउँछ तर यो दुई प्रकारको विकल्प ठीक हैन (१) निवृत्त अहंकार कैलै पनि खडा हुंदैन, किनकि अहंकार त्यो मिथ्या वस्तु (२) तटस्थ दृष्टिले देखिएको अज्ञान, तटस्थ दृष्टिले देखिएको हुनाले– वास्तवमा अहंकार खडा हुन्छ भन्न बन्दैन। अरुबाट कल्पित कुरा वास्तवमा सिद्ध हुंदैन। यावत अज्ञान विनष्ट हुंदैन तावत् अहंकार पनि रहन्छ किन्तु ब्रह्मज्ञानबाट अज्ञान विनष्ट भए अज्ञानको लेश पनि ब्रह्म ज्ञानीमा कैलै पनि कथमपि सम्भव हुंदैन।

—:o:—

ज्ञानीको जगत् प्रतीति हुन्छ कि ?

जगत् मायिक भएको हुनाले र किम्वा वास्तवमा ब्रह्मरूप भएको हुनाले उठेको चित्तको विषयाकार वृत्ति (अर्थात् ब्रह्मस्वरूपको यथार्थ रूपले अवभाषण) हुन सक्छ । त्यसैले श्रुतिले भनेको छ कि यावत् प्रारब्ध रहन्छ तावत् जगत् प्रतीति बशात् ज्ञानीको सुख दुःखको अवभास देखिन्छ । गीतामा पनि भनिएको छ कि इन्द्रियबाट विषयको अवभास ज्ञानीको पनि भै रहन्छ किन्तु ज्ञानवान पुरुष त्यो सित सगवान हुँदैन "गुणा गुणेषु" ।

यसैको नाम हो अविद्यालेश । यो वाशिष्ठ ग्रन्थमा पनि बताइएको छ कि यावत् वासना रहन्छ त्यहाँसम्म शरीर र रागद्वेषको अवभाषण बनिरहन्छ । प्रारब्ध समाप्ति भए पदार्थको अवभास (जगत् प्रतीति) संपूर्ण रूपले निवृत्त भै हाल्छ ।

प्रश्न– तबत ज्ञानीको बन्धन निवृत्ति भएको देखिदैन ?

उत्तर– यो बन्धनको प्रतीति केवल तटस्थ दृष्टिले मानिन्छ । ज्ञानीपुरुष आफूमा कैलै पनि द्वैत प्रतीति देख्नु हुन्न ।

प्रश्न- अज्ञानी कल्पित जो प्रपंच प्रतीति हो" यस्को आशय के हो ?

उत्तर- आशय हो मुमुक्षु पुरुषको निःसंदिग्धरुपले ब्रह्म स्वरुपको सम्यक ज्ञानको उत्पत्ति ।

प्रश्न- यो सम्यक ज्ञान कसरी उत्पन्न हुन्छ ?

उत्तर- हेर, मुमुक्षु पुरुष ?- ज्ञानदशामा निमित्त वशात् जगत् प्रतिभास हुन्छ, किनकि जगत्को प्रतिभास हो जीवदशामा मुक्ति ।

प्रश्न- द्वैत प्रतिभास र मुक्ति विपरित कुरा हो ?

उत्तर- विपरित कुरा हैन । किनकि प्रारब्धबाट उपस्थापित द्वैत प्रतीतिमा ज्ञानी पुरुषको ज्ञान जनित संस्कार (विचार) को उत्पत्ति हुन्छ र आगन्तुक कादाचित्क जगत् प्रतिभासमा मिथ्यात्व बुद्धि खडा भै हाल्छ । यसप्रकार संस्कार जनित द्वैत प्रपंचमा असत्यता बुद्धि हो जीवन्मुक्तिको सार सर्वस्व ।

प्रश्न- कसरी ?

उत्तर- प्रतिभास खडा भए विचार द्वारा त्यो प्रतिभास निवृत्ति भै हाल्छ । प्रतिभासमा मिथ्यात्व बुद्धि

उत्पन्न भै हाल्छ । जीवन्मुक्ति दशा हो वास्तव आफ्
सनातन-चिदानन्द ब्रह्मस्वरुपमा नित्य सावधानता । ज्ञा
वान् पुरुष कैलै पनि स्वरुप पट्टी असावधानता हुनु
यतीमात्र हो ज्ञानी पुरुषको विशेषता ।

शङ्कर वशिष्ठको एक रूपता

शङ्कर	वशिष्ठ
१. अद्वितीय आनन्दरूप (ब्रह्म)	१. सन्मात्र वस्तु (सत्ता सामान्य; परमार्थ सत्य अद्वितीय ब्रह्म वस्तु) सवित् हैन ।
२. सृष्टि अनन्तर शरीरमा प्रविष्ट अद्वयानन्द ब्रह्म (प्रत्यक बोधस्वरूप)	२. संवित् (सन्मात्र वस्तुको चेत्योन्मुखता किम्वा सवेदन समष्टि सवेदन)
३, साक्षी चैतन्यको चित्तमा प्रतिबिम्बन (प्रमाता चैतन्य)	३. सवेदन(व्यष्टिरुप) यस्को फल
४. प्रमाताको दृश्य जगत् (प्रमेय चैतन्य)	४. संवेद्य (जगत्)
जो अद्वितीय आनन्द स्वरुप, त्यही हो प्रत्यक बोधरुप (अनुप्रविष्ट ब्रह्म हो साक्षी चैतन्य) हो प्रविष्ट	संवित् विना संवेद्य सम्भव नभएको हुनाले संवेद्य हो केवल संवित रुप सवित् जुन सवेद्यलाई अव-

वस्तु (ब्रह्म) सृष्टि, स्थिति, प्रवेश, नियमन (अन्तर्यामी भाव) सारा हो मायाको कार्य (मिथ्या)। प्रत्यक-बोध स्वरूप (साक्षी) जसलाई अवभापण गर्छ त्यो हो प्रत्यक चैतन्य देखि अभिन्न चैतन्यको अवभा-षण (पदार्थो वभपाण) हो स्वय प्रकाशमानता प्रकाश हो अखण्ड वस्तु। त्यस-कारण अवभापकबाट अव भाषित पदार्थ (जगत्) यो हो (अवभापक) साक्षी चैतन्यको स्वरूप ।

भापण गर्छ त्यो अवभास (जगत् पदार्थ) हो अ भासक स्वरुप किनि अवभापकको विना अ भास्यको सत्ता स्फूर्ति छैन

०००० ००

वेदान्तको उत्तम परिभाषा

१) प्रियमोदादि बृत्ति हो- <u>कार्यानन्द</u>- भोक्तृत्व सापेक्ष चित्तभाव

२) लीन प्रिय मोदादि बृत्ति <u>कारणानन्द</u>- भोक्तृत्व निरपेक्ष निर्भेद (अविद्या विनिर्मुक्त) चित्स्वरुप

३) भोक्ताको साक्षी- <u>ईश्वरभाव</u>- अशुद्ध तत्पद

४) ब्रह्मानन्द- (<u>अज्ञान विनिर्मुक्त चैतन्य</u> हो भोग वासना र भेद वासना विनिर्मुक्त) शुद्धतत्पद

प्राज्ञ ईश्वर किन ? किनकि प्राज्ञबाट जस्तो जाग्रत् र स्वप्न निस्कन्छ, ईश्वरबाट पनि त्यस्तै द्वैत प्रपञ्च (समष्टी जगत्) निस्कन्छ । त्यसकारण भोक्ताको साक्षी हो ईश्वर- जगत् स्रष्टा (अशुद्ध तत्पद) ।

सत्संग र व्यवहारको सहावस्थान

(व्यवहार र सत्संग साथै चल्छ)

सत्सङ्ग र व्यवहारको सहावस्थान हुन्छ र सहावस्थान हुँदैन पनि । व्यवहारको सत्सङ्ग सित कुनै प्रकार विरोध छैन, किनकि व्यवहार मायाको नातिना प्रारब्ध-बाट चलिरहन्छ उसमा कुनै प्रकारको प्रयत्न आवश्यक छैन र सत्सगको लागि गर्नु पर्छ । प्रारब्धबाट सिद्ध व्यवहार र पुरुष प्रयत्नबाट प्राप्त सत्सङ्ग भिन्न भिन्न कोटीको कुरा भएको हुनाले तिनीहरूको भित्र कुनै प्रकारको विरोध संभव छैन । ससार व्यवहार हो मायाबाट उपस्थापित भै राखेको र मायिक शरीर इन्द्रियबाट निष्पन्न भईरहन्छ (उसमा दील दीराखनु परेको छैन । यसरी जो चाही अरू प्रकारले अरुबाट सिद्ध कुरा हो त्यो सित सपूर्ण तन, मन, धन दीललाई लगाएर (जो प्रबल पुरुष प्रयत्न साध्य) सत्संग हो त्यो संसार व्यवहार देखि बिलकुलै अविरुद्ध प्रसंग हो यसरी, शास्त्र युक्ति अनुभव द्वारा व्यवहार र सत्सङ्गमा कुनै प्रकारको विरोध संभव छैन ।

केवल अविचारले यी दुवैमा भेद कल्पित हुन्छ। अविचार यो हो कि– साधारण मानिसले बुझ्न शक्तैन कि व्यवहार संस्कारबाट निष्पन्न हुँदै गर्छ सत्सङ्ग पुरुष प्रयत्नद्वारा प्राप्त गर्नु पर्छ । व्यवहार जो (१) धन उपार्जन रुप र (२) सुखप्राप्तिको साधन रुप, त्यो सारा हो जन्मान्तरीय फलोन्मुख प्रारब्ध कर्मको अवश्यंभावी फल, त्यसकारण अयत्न सिद्ध व्यवहार सित प्रयत्न साध्य सत्संग भक्ति विचार ज्ञाननिष्ठा सित व्यवहारको कुनै प्रकारको विरोध संभव छैन । विरोध त्यहाँ सम्म प्रतीत हुन्छ जहाँ सम्म शास्त्र सत्सङ्गबाट यो दुवैको स्वरूपको बारेमा थाहा हुदैन । मैले हात शरीर र आपात मन द्वारा व्यवहार गरिराखे तापनि मेरो दील मैले सत्सङ्गमा, ईश्वरमा सदुपदेशमा किन राखन नसक्ने ? हात शरीर चेष्टाको साथ हाम्रो भित्रको भगवत भक्ति, ज्ञाननिष्ठाको के विरोध हुन सक्ला ? त्यति मात्र हैन, किन्तु सुन्दर सफल व्यवहारको लागि सच्चा दिलबाट सत्सङ्ग भगवत् भक्तिलाई अपनाउनु अत्यन्त आवश्यक छ। ज्ञानी पुरुषको चेष्टारुप दृष्टान्त लिउ– जनक महाराज ज्ञानी भईकन पनि राजकाज सफल रुपले गर्नु भएको थियो । के व्यवहार र सत्सङ्ग (ज्ञान निष्ठा सहित व्यवहार) को विरोध प्रमाणित हुन्छ ?

जस्तो ज्ञान परिपक्व दशामा जनक महाराजको वेलामा" शरीरको चेष्टा र अन्तरको निश्चयको साथ केही विरोध थिएन त्यस्तै अहिले तिम्रो हाम्रो अपरिपक्व ज्ञान दशामा पनि हामीहरूको शरीर इन्द्रियको चेष्टाको साथ भित्रको दोललाई परमात्मामा राख्नु रुप सत्सङ्ग प्राप्ति किन विरुद्ध होला ? व्यापार, सरकारी चाकरी नोकरी शरीरबाट संस्कारद्वारा वनी रहे तापनि भित्रको मन बुद्धिलाई सत्सङ्गमा लगाए नया उत्तम संस्कार वढ्दै जान्छ र साथै साथ शरीरादिको चेष्टा पनि मजासित चलिरहन्छ ।

मनुष्य केवल संस्कार द्वारा परिचालित पशु झैं हैन, मनुष्य जीवन केवल संस्कार द्वारा परिचालित नभएर-केवल व्यापारी न वनेर उत्तम संस्कार (मनुष्य जियनको यथार्थ सम्पत्ति) वनाउनुको लागि सज्जनको साथ संग, सत्शास्त्रको अवलोकन, निष्काम कर्म संपादन, भगवत् भक्तिको लागि प्रवल प्रयत्न गर्नु बुद्धिमान् मानिसको काम हो । नभए फेरि पशुयोनि र संस्कार द्वारा परिचालित भै राखनुको पुनरावृत्ति वनि नै रहन्छ । त्यसकारण एकपटक पशुको उचित संस्कारलाई संशोधन गरीकन बुद्धि विचारको सहाराले सत् विचार सत्सङ्ग प्राप्तिको लागि

उत्यन्त पुरुष प्रयत्न गर्नुबाट जीवन सफल र सुखमय भै हाल्छ ।

—★—

ज्ञान र ज्ञाता

ज्ञान किम्वा ज्ञप्ति हो अनुभव वस्तु । यसमा सारा त्रिपुटी कल्पित हुन्छ । जसमा प्रकल्पित हुन्छ र जसमा हराउँछ त्यो सारा त्रिपुटी रहित शुद्ध प्रकाश आनन्द वस्तु हो अनुभव । यो अनुभवको अर्को नाम हो ज्ञान ।

अहिले त्यो "ज्ञान" लाई स्पष्ट गर्नुको लागि लौकिक घटज्ञान् पटज्ञान् जहाँबाट उठ्छ र जसमा पर्यवसित हुन्छ । त्यो प्रसिद्ध आफू- (ज्ञाता पुरूष) हो भनी अनुभव सिद्ध छ । मैले घटलाई देखेको थिइन अैले घटलाई देखी सकेको छु यसरी घटको अज्ञानबाट सुरु गरिकन घटको ज्ञान (वृत्तिज्ञान) उत्पन्न भएर त्यो वृत्ति ज्ञान हराई हाल्छ कहाँ हराउँछ ? हामीमा हराउँछ (ज्ञातामा हराउँछ) जो घटको ज्ञाता थियो अहिले ज्ञातापन सिद्धिए तापनि ज्ञाता आफू (ज्ञानको अधिष्ठान शुद्ध चैतन्य) परिशिष्ठ रहन्छ । अर्थात् ज्ञाता पुरूष हो वास्तवमा देह, चित्त आगन्तुक ज्ञान रहित शुद्ध चैतन्य वस्तु ।

प्रश्न- त्यसो भए ज्ञाता शब्द किन भन्नु पर्‍यो ?

उत्तर- सबैले पैले आफूलाइ जानीकन पछि घट-लाई जान्को हुनाले ज्ञाता पुरुष भनी मान्दछन् यसरी सिद्ध ज्ञाता पुरुष हो वास्तवमा शुद्ध चैतन्य अनुभव वस्तु त्यो देखाउनुको लागि ज्ञाता शब्द प्रयोग गरिन्छ ।

प्रश्न- यसको रहस्य के हो ?

उत्तर- पैले ज्ञानलाई स्वतः सिद्ध देखाइकन त्यो सदा सिद्ध स्वय प्रकाश ज्ञानदेखि ज्ञाता मानिएको मानिस भिन्न हैन, देखाउनुको लागि प्रसिद्ध ज्ञात पुरुष अनुभव सिद्ध वस्तु हो प्रत्यक्ष वस्तु आफू त्यो देखाउनु हो उद्देश्य । अर्थात ज्ञान र ज्ञाता हो एकै वस्तु । दुवैमा कुनै प्रकार परिच्छेद किम्वा उपाधि छैन । त्यति मात्र हैन एकै अनु-भवरूप वस्तुलाई हामीहरू भिन्न-भिन्न उपाधिवसात् तीन नामले वनाइएको छ- ज्ञान (निरुपाधि) ज्ञाता (अन्तःकरण उपाधि युक्त) र ज्ञेय (घटआदि अवच्छेद युक्त) एवं प्रकारले प्रसिद्ध ज्ञाता ज्ञान ज्ञेय भनी उपाधि युक्त किम्वा उपाधि रहित वस्तु त्यो सारा हो वास्तवमा एक स्वयं प्रकाश प्रसिद्ध अनुभव वस्तु यो देखाउनु हो रहस्य कुरा ।

निश्चय कता तिर गर्नु

निश्चय सत्यतामा हेतु हुँदैन, किन्तु निश्चयलाई सत्यतामा हेतु भनी अज्ञानी मानिसले मान्दछ । प्रत्यक्ष अनुभवको रहस्य कुरा यो हो कि जुन कुराको अभ्यास ज्यादा हुन्छ त्यही कुराको बारेमा निश्चय (सत्यता बुद्धिको दृढता) आत्म स्वरुपमा आरोपित हुन्छ । आत्मा सबैको प्रत्यक्ष भै राखेको हुनाले उस्को ज्यादा समीपमा स्थित जुन पदार्थ विषयक निश्चय साक्षीबाट प्रकाशित हुन्छ त्यो आत्म स्वरुप देखि अभिन्न भएको हुनाले आत्म स्वरुप झैं साचो प्रतीत हुन्छ । जस्ले संसार विषयक निश्चयलाई दृढ तुल्याउंछ त्यस्को प्रत्यक्षभान आत्मा देखि अभिन्न भएको हुनाले यो संसार विषयक निश्चय निःसदिग्ध सत्य भनी प्रतीत हुन्छ ।

ब्रह्म विषयक निश्चय पनि दृढ रुपले अभ्यस्त भए त्यो निश्चयको विषयरुप ब्रह्म सांचो भनी प्रतीत हुन्छ, यसरी निश्चयको दृढता हो प्रत्यक्ष अनुभवमा एकमात्र हेतु ।

प्रश्न– तब त ब्रह्मविषयक निश्चय संसार विषयक निश्चय एकै कुरा ठहर्न गयो ।

उत्तर– निश्चय एकै कोटीको भए तापनि निश्चयको फल भिन्दा भिन्दै हुन्छ । संसार विषयक निश्चय सत्य प्रतीत भए ब्रह्म विषयक निश्चयको बराबर अवश्य हो । त्यसकारण दुवै प्रकारको निश्चय हो वनावटी कुरा र त्यसकारण प्रत्यक्ष अनुभूत कुरापनि किन्तु यो दुई प्रकारको निश्चयको फल अत्यन्त पृथक छ ।

प्रश्न– दुई प्रकारको निश्चयको फल के के हो ?

उत्तर– संसार विषयक निश्चय अज्ञानलाई वढाउंछ त्यसकारण अशेष दुःखको परम्पराको वीज हो ब्रह्म विषयक निश्चय अज्ञानको निरसनमा हेतु हुन्छ र आत्म प्राप्तको कारणरुप वन्दछ । ब्रह्म विषयक निश्चय किम्वा ब्रह्मज्ञान आगन्तुक र पुरुष प्रयत्नको फल रुप भएको हुनाले अविनाशी वस्तु हैन; किन्तु अज्ञानको विनाशको हेतुरुप भएको हुनाले त्यसको फल हो निरावरण सुख रूप आत्माको प्राप्तिमा एकमात्र साधन ? साधन विनाशी भए तापनि सदा सिद्ध किन्तु अज्ञानले तिरोहित मुमुक्षुको ब्रह्मस्वरूपता– ब्रह्मविषयक निश्चय द्वारा– प्राप्त हुन्छ । र

त्यसकारण ब्रह्मज्ञान विनश्वर भए तापनि अविनाशी
सुख प्राप्तिमा एकमात्र कारण भनी सिद्ध हुन्छ ।

—ॐ—

सारालाई प्रकाश गरिराखेको छु

यस्को अर्थानुसन्धान

यहाँ म हु द्रष्टा पुरूष, सारा हो दृश्य प्रपञ्चलाई अर्थात् म हुँ शुद्ध चैतन्य म देहादि सारा दृश्य प्रपञ्च-लाई- जो आफूमा अध्यस्त छ र जो आफूदेखि अभिन्न भएर रहेको छ त्यसलाई प्रकाश गरि रहेको छु- म आफूलाई आफूले प्रकाश गरि रहेको छु— म आफू स्वयं प्रकाश छु अर्थात् मबाट पदार्थको अवभाषण हो मेरो स्वय भासमान रहनु । शुद्ध चैतन्य म आफूमा वास्तव देहादिलाई स्वतः प्रकाश गरि रहेको छु । यहाँ आफूलाई प्रकाशक भन्नी र देहादि आफूमा छैन भनी अनुभव गरेको छ ।

फेरि आफू र दृश्यको संपर्कको वारेमा मनमा विचार गर्नु हेरो प्रमाता ? तिमो वास्तवमा :—

१) देहादि सित मिलेको चैतन्य हैनौ ।

२) देहादि सित तिम्रो कुनै सम्पर्क छैन,

३) जव देहादि छैन तिमो रहन्छौ, तर

४) जब देहादि हुन्छ तब देहादिको सत्ता र स्फूर्ति हो तिमी नै ।

५) तिमी विना देहादि रहन शक्दैन ।

६) देहादि विना तिमी आधारित रहन्छौ । तिम्रो र देहको एकसाथ रहनु कैले पनि सम्भव छैन ।

७) जब देह छ भनी प्रतीति हुन्छ तब त्यो प्रतीति हो तिम्रो- देहादिको हैन ।

८) देहादि छैन त्यसो भएको हुनाले "म देहादि देखि रहेछु" भन्दा ज्ञान स्वरूप तिमी नै स्वयं प्रकाश स्थित छौ ।

यसरी म बाट सारा दृश्य प्रकाशित भै राखेको छ। यस्तो वखतमा केवल स्वय प्रकाश आफूलाई अनुभव गर्नु । अर्थात् अनुभवरूप आफूलाई अनुभव गर्नु । चैतन्य स्वरूपमा चैतन्यलाई अनुभव गर्नु- आत्म साक्षात्कार गर्नु ।

व्याप्य र व्यापकको एकता

प्रश्न– व्याप्य र व्यापक कसरी एक होला ?

उत्तर– व्यापक वस्तुले कसलाई व्यापन गरेको छ, व्यापन गर्नु के हो, व्यापक गर्नुको प्रयोजन केहो ? यी तीन प्रश्नको विवेचना गरौं :—

जो वस्तु व्यापक हो त्यो यदि व्याप्य देखि भिन्न हुन्थ्यो तब त्यसको व्यापकता संभव हुने थिएन– एक वस्तुले अरू वस्तुलाई व्याप्त गर्न शक्दैन । यसमा लोकमा पनि दृष्टान्त छैन, दृष्टान्त लिउँ– जस्तो धागोले गलवन्दीलाई व्याप्त गरेको छ, यहाँबाट बुझिन्छ कि (धागो) गलवन्दीबाट (व्याप्यबाट) भिन्न हैन, जो धागो हो त्यो नै गलबन्दी हो ।

व्यापन गर्नु हो व्यापकको केवल आफ्नो स्वरूपमा स्थित रहनु, जस्तो धागो आफ्नो धागो रुपले स्थित रहन्छ । धागो अरु कुनै कुरा भएर जादैंन, किम्वा अरु कुनै कुरासित संपर्क जोड्दैन, धागो केवल आफ्नो धागो रूपले स्थित रहन्छ ।

तब व्यापन गर्नुको प्रयोजन केहो ? प्रयोजन यो हो कि यद्यपि अन्यरुपले धागो स्थित छ तापनि त्यो (गलबन्दी) केवल धागो मात्र हो यो बुझाउनु ।

यसरी व्याप्य वस्तु व्यापक देखि भिन्न हुँदैन र त्यसकारण व्याप्य भन्ने भनाई र व्यापक भन्ने भनाई हो पारमार्थिक रूपले मिथ्या ।

यहाँ प्रसंग हो कि आत्मा हो व्यापक र देहादि हो व्याप्य । त्यसकारण आत्माबाट व्याप्त देहादि आत्मरूप नै हुन्छ । वासना मय भ्रान्तिले जो हामीले देहादि देखि राखेको छौं त्यो हो आत्मा मात्र, एति बुझाउनुको लागी देहादिमा आत्मा व्यापक छ (अनुस्यूत छ) यो बुझाउनुको लागि शास्त्र सज्जनहरूले बताउनु भएको छ । त्यसकारण यहाँ पनि व्याप्य देहादि र व्यापक आत्मा हो एकै वस्तु ।

प्रश्न- कसरी ?

उत्तर- व्याप्य देहादि देखि यदि आत्मा भिन्न हुन्छ तब आत्माबाट व्यापन संभव हुँदैनथ्यो। स्फुरन- यो हो देह, यो हो इन्द्रिय, यो हो मन, एवं प्रकारले जो प्रतीत भएको छ (त्यो प्रतीति) केवल आत्म चैतन्यको स्फुरण मात्र हो) त्यो स्फुरणको भित्र अरू कुनै वस्तु वसेको हैन । किन्तु

त्यो स्फुरणको भित्र स्फुरण नै वसि रहन्छ, दीपसिखामा केवल अग्नि विराजमान देखिन्छ । अग्नि देखि भिन्न यदि अरू चिज हुने थियो तब त्यो अग्नि शिखा भनि कहिने थिएन ठिक त्यस्तै आत्मज्योतिको भित्र जो देहादि अहंकार सम्म आत्मसात् भएर वसेको छ त्यो सव देहादि द्वैत प्रपञ्च हो केवल अद्वैत ज्योति आत्मा।

यसरी वाध समानाधिकरण देखि केवल सामानाधिकरण हो उत्कृष्ट र उत्तम अधिकारीको लागि शास्त्रमा कथित ।

—०००—

ज्ञानी कसलाई भन्छन

सदा प्राप्त जो एक अद्वितीय ब्रह्म स्वरूप हो त्यस्म स्वतः सर्वदा कालकोस्थितिलाई ज्ञान भन्दछन् ।

प्रश्न- ज्ञानले प्रपंचको प्रतीतिलाई सर्वथा रोकि दिन्छ कि ? किनकि ज्ञानीको पनित द्वैत प्रपंचको प्रतीति अवश्य नै होला ?

उत्तर- तिमीबाट अङ्गिकार गरिएको जो प्रपंच प्रतीति हो त्यो केवल मायिक रूपनै हो, किनकि बाधित प्रपंचको तथा कथित प्रतीति हो त्यो मिथ्या रूप नै ठहर्छ । प्रपचको प्रतीति कुनै सांचो वस्तु हुँदैन । त्यसो भएको हुनाले सत्यता बुद्धिले निष्प्रपञ्च अद्वितीय ब्रह्मस्वरूपको भान ज्ञानीको सदाकाल भै नै रहन्छ ।

प्रश्न- संक्षेपले यो निर्णयको रहस्य कुरा बताउनोस् !

उत्तर- प्रसङ्ग प्राप्त रहस्य कुरा यत्ति हो कि- अज्ञानीको लागि माया र मायाको कार्यमा सत्यता बुद्धि भै रहन्छ, तर ज्ञानीको लागि मायिक प्रपंचमा मिथ्यात्व बुद्धि नै बनी रहन्छ । आशय यो हो कि मायिक प्रपंचको जो

प्रतीति हो त्यो मिथ्या भएको हुनाले ज्ञानीको दृष्टिमा त्यो प्रतीति हो सर्वथा मिथ्या । ठीक जस्तो जाग्रत कालमा स्वप्न प्रपंचको कादाचित्क स्मरण अलिकति पनि सत्य स्वीकार हुँदैन । किन्तु जागरणा स्वप्नको स्मरण हो केवल मिथ्या वस्तु विषयक, संपूर्ण मिथ्या ।

द्रष्टा मात्रमा पुग्नुको बाटो

दृङ्मात्र शब्दको अर्थ हो शुद्ध चैतन्य- जो दृश्य प्रपञ्च सित संपर्क युक्त चैतन्य वस्तु हैन । दृङ्मात्र मेरो वास्तव स्वरूपमा कुनै दृश्य वास्तर्व छैन । म दृश्यको द्रष्टारूप हैन; म केवल द्रष्टा हुँ । ममा कुनै बेला अलिकति पनि दृश्य वस्तु वास्तव हुन शक्दैन ।

दृश्य हो देह, प्राण, मन र अन्तःकरण । संपूर्ण जगत हो मनमा मनको नाना वृत्तिरूपले स्थित । यसरी देहादि जगत् प्रपंच ममा छैन। अहिले त्यो संपूर्ण अनात्म जगत्लाई निरसन गर्नुको बाटो के हो ? बाटो हो यो देहादि जगत् चित्तको वृत्तिरूप भएको हुनाले अगान्तुक वस्तु हो । आगन्तुक वस्तु वास्तव हुँदैन । यसरी देह मन ममा निरस्त हुन्छ ।

अनात्म प्रपञ्च कसरी निरस्त हुन्छ ? यस्को जवाफ यो हो कि अनात्म प्रपञ्च मेरो वास्तव स्वरूपमा सदा निरस्त नै छ यस्को युक्ति हो सुषुप्ति कालिन अनुभव । प्रपंचलाई निरसन गर्नुको यत्न चाहिंदैन । जस्तो पानीवाट उठेको तरङ्ग बुद्बुद आदिलाई निरशन गर्नु

पर्दैन; किनकि तरङ्ग बुदबुद आदिको आविर्भाव हुन्छ र अल्पकाल पछि त्यो समुद्रमा विलीन भै हाल्छ । यसरी चित्त आदि सारा जगत् प्रपञ्च मेरो वास्तव स्वरुपमा सर्वदा विलीन नै भै राखेको छ ।

मेरो वास्तव स्वरूप के हो ? मेरो वास्तव स्वरूप हो जगत् प्रपंचको निरसनको अवधि रूपले परिशिष्ट स्वप्रकाश चैतन्य रुप । देहादि संघात किम्वा अहंकार चैतन्य रुप हैन र तिनीहरू निरस्त भै सकेको छ त्यस-कारण अवै परिशिष्ट स्वप्रकाश चित् वस्तु विद्यमान छ त्यो नै हो मेरो वास्तव स्वरूप यसप्रकार अनुभवबाट सिद्ध हुन्छ ।

यस्को कारण केहो ? कारण हो अपरोक्ष रुपले चित् स्वरूपको प्रकाश मात्र भै राख्नु । प्रपंच बाधको अवधि रूपले विद्यमान जो स्व प्रकाश चित् वस्तु छ त्यो हो अपरोक्ष मेरो वास्तव स्वरूप । यसरी मेरो वास्तव स्वरूपमा प्रवेश गर्नु हो अनायास सिद्ध कुरा ।

—★—

जाग्रतबाट पनि जाग्नु

पहिले जाग्रत् भन्ने स्थितिलाई बुझ्नु पर्छ । जस-लाई जाग्रत् भनिएको छ त्यस्को स्वरूप के हो ? "म जागा छु" रूप त्रिपुटीरूप चित्तवृत्ति । यो त्रिपुटीलाई विश्लेषण गरे तल देखाइएको क्रम पाइन्छ :—

(१) साक्षी चैतन्त मेरा वास्तव स्वरूप प्रकाशित भै राखेको छ । (अर्थात् साक्षी चैतन्य मेरो वास्तव स्वरूप सर्वदा प्रकाशमान छ र त्यस्को सामुन्नेमा यो जो त्रिपु-टीरूप चित्तवृत्ति खडा हुंदै छ त्यो सारा साक्षी चैतन्य-बाट प्रकाशित भै राखेको छ)

(२) "म अैले जागा छु" भनी अगान्तुक चित्तवृत्ति खडा हुन्छ ।

(३) यो त्रिपुटीरूप चित्तवृति मेरो प्रकाशबाट प्रका-शित हुन्छ र आत्मसात् भै राखेको छ ।

सार कुरा यो हो कि केवल साक्षी चैतन्य प्रकाशित न भैकन प्रकाश्य रूपले कैले कैले त्रिपुटीरूप वृत्तिहरू (जगत् वासना रहनु सम्म) प्रकाशित भइरहन्छ । वास्त-वमा यो त्रिपुटीहरू आगन्तुक भएको हुनाले भ्रमरूप हो

त्यसकारण वास्तवमा स्वाप्निक प्रपच हो ।

यसरी वर्तमान व्यावहारिक जाग्रत् वास्तव स्वप्न रूप ठह-यो। यसको स्वप्न रूपता हो चित्तवृत्ति रूपता किम्वा प्रमाता प्रमेय रूपता। यो अनुभव द्वैतात्मक भएकोले यो भ्रमरूप हो। त्यसकारण यो भ्रमरूप स्वप्नबाट हामी अवश्य जाग्नु पर्छ ।

जाग्नु हो यो भ्रमलाई परित्याग गरिकन स्थित रहनु । त्रिपुटीरूप अनुभव हो भ्रान्त । भ्रमरूप त्रिपुटी को निरसन भए "म प्रकाश गरि रहेको छु" भन्ने-साक्षीभाव पनि निरस्त हुन्छ । किनकि साक्षीभाव हो प्रकाश्य त्रिपुटीको सत्ता सापेक्ष । जब त्रिपुटी निरस्त भयो तब शुद्ध चैतन्य स्वयं प्रकाश रूपले रहन्छ ।

यो परिशिष्ट स्वयं प्रकाशमान चित् स्वरूप हो प्रत्यक चैतन्य म देखि अभिन्न । यसरी त्रिपुटीको निरसन हुने बित्तिकै आफू (साक्षी, चैतन्य) प्रत्यगभिन्न ब्रह्म वस्तु रूपले परिशिष्ट रहन्छ । यस प्रकार परिशिष्ट हो परिज्ञात आफ्नो वास्तव स्वरूपको प्रकाशित हुनु । यसैको नाम हो जाग्रतबाट पनि जाग्नु ।

जगत् हो वासनारूप

संपूर्ण द्वैत प्रपच किम्वा जगत वास्तवमा स्थूल र साकार (आधिभौतिक) पदार्थ हैन, किन्तु हो सूक्ष्म भिन्न भिन्न पदार्थको मनोवृत्तिको हेतु रूप वासनात्मक मात्र। पदार्थ वास्तवमा वाहिर स्थित न भैकन केवल भित्र पूर्व पूर्व दृढ वासना जनित निराकार वासनावृत चैतन्य स्वरुप मात्र हो। यो अत्यन्त रहस्य वेदान्त तत्व हामी-हरूलाई थाहा नभएको हुनाले हामीहरू वहिर देखिएको जगतलाई साँचो र साकार आफू देखि भिन्न इष्ट अनिष्ट पदार्थरूप जगत भनी मानी राखेका छौं। वास्तवमा सारा दृश्यमान वाहिरको जगत् हो केबल चित्तमा वसि राखेको जन्म जन्मान्तरीय भ्रम पूर्ण वासना रूप। वासना वाहेक जगतको कुनै भिन्न स्वरूप छैन। जगत् प्रपच हो केवल भित्र स्थित वासनाको विलास मात्र।

जव वासना विलसित हुँदैन, तव जगत् देखिदैन; जव मनको वासना दृढीकृत हुन्छ तव इन्द्रिय गोचर मनो गोचर जगत् मानिन्छ। वास्तवमा जगत् इन्द्रिय गोचर पदार्थ हैन; जगतको सार सर्वस्व हो चित्तमा वसिरहेको

वासना मात्र । यो गूढ़ मनोवैज्ञानिक तत्व थाहा पाए पछि कैले पनि कुनै पदार्थको इच्छा मनमा उठदैन । ठिक जस्तो स्वप्नको कुनै पदार्थले मनलाई आकृष्ट गर्दैन (किनकि स्वप्न जगत् हो संपूर्ण मिथ्या) त्यस्तै अैले जाग्रतमा देखन आएको कुनै पदार्थले बुद्धिमान मनुष्य-लाई आकृष्ट गर्दैन ।

प्रश्न– यसको कारण के हो ?

उत्तर– कारण यो हो कि देखिएको पदार्थ वास्तवमा केही पदार्थ हैन; किन्तु देखिएको पदार्थ वास्तबमा हो वासनाको विलास मात्र । वासना हो आफ्नो दृढ कल्पनारूप र कल्पित वस्तुमा कसैको सत्यता बुद्धि हुन सक्तैन त्यसैले आपात दृष्टिले प्रतियमान साकार पदार्थ बिलकूलै अवास्तव भएको हुनाले बुद्धिमान पुरुषको चित्त त्यो निःसार पदार्थद्वारा आकृष्ट हुन सक्तैन ।

प्रश्न– साकार पदार्थ कसरी निःसार होला ?

उत्तर– साकारताहो प्रतीति मात्र, प्रतीतिको कारण हो दृढ वासनामयता; किनकि जुन वासना दृढ हुन्छ त्यो साकार रूपले प्रतीत हुन्छ । आकार वास्तव हैन, आकार हो तत्तत्पदार्थ सम्बधिनी वासनाको दृढता मात्र ।

प्रश्न– यसमा कारण के हो ?

उत्तर- यो हो मनोवैज्ञानिक रहस्यपूर्ण तत्व

प्रश्न- यो तत्वलाई स्पष्ट गरेर बताउनोस

उत्तर- तत्व (अत्यन्त रहस्य पूर्ण कुरा) यो हो कि जब चित्त कुनै वस्तुको वासनाद्वारा वासित हुन्छ त्यो वासित पुरूषले (वासनाको दृढताले गर्दा वास्य पदार्थलाई प्राप्त गरिहाल्छ) वासनाबाट दृढ रूपले वासित चित्त त्यो पदार्थलाई प्राप्त गरिकन चरितार्थ हुन्छ । यसमा कारण यो हो कि वासनाको दृढता हो वासनाको सफलता किम्वा चरितार्थता । जुन कुरालाई मैले दृढ़ता पूर्वक चिताउँछु त्यो कुरालाई मैले अवश्य प्राप्त गरिहाल्छु । यो हो ईश्वरको नियति ।

प्रश्न- त्यहाँबाट के सिद्ध भयो ?

उत्तर- यस्तो पदार्थ वासनाबाट वासित चित्तले अवश्य त्यो पदार्थलाई प्राप्त गरिकन कृतार्थ बन्दछ त्यस्तै अध्यात्म क्षेत्रमा पनि जब आध्यात्मिक वासना दृढ हुन्छ तब जगत वासनाको अपक्षय पूर्वक आत्म वस्तु प्राप्त हुन्छ । जगत् होस् किम्वा आत्मा होस् जता तिर आफ्नो चिन्तन मनोनिविष्ट या अनुभव जनित वासना दृढ हुन्छ त्यो कुरा मात्र अवश्यंभावीरूपले म

बाट प्राप्त हुने छ ।

प्रश्न– संपूर्ण निष्कर्ष के हो ?

उत्तर– निस्कर्ष यो हो कि, जब जगत केवल वासना रूप हो तब जगत् प्राप्तिको लागि अलिकति पनि इच्छा मनमा न उठाईकन स्थित भए त्यो हो स्वरूपमा स्थिति । स्वरूप स्थितिको अभ्यास बढाए स्वरूप स्थिति वासना बलियो हुंदै जान्छ र अधिकतर बलियो वासना जागतिक किम्बा आत्मिक होस् कम बलियो वासनालाई जिती हाल्छ र यसरी जगत् वासनाको क्षय भै हाल्छ । सपूर्ण जगत् वासनाको क्षय हुने बित्तिकै र (मनको अत्यन्त नाश हुने बित्तिकै सदा प्राप्त आत्म वस्तु (ब्रह्म) परिशिष्ट रहन्छ । यो हो ब्रह्म साक्षात्कार । (जीवको ब्रह्म हुनु) ।

—★—

मंकी ऋषिलाई उपदेश

शुद्धचित्त विरक्त मंकी ऋषिलाई भगवान् वशिष्ठले यसरी ज्ञानोपदेश गर्नु भएको थियो। हे मंकी ऋषि! तिमी शुद्ध चित्त महात्मा भएको हुनाले जो तिमी आफ्नो वास्तव ब्रह्मस्वरूपलाई खोजेका छौ यहाँबाट बुझिन्छ कि तिमी आफ्नो वास्तव स्वरूपलाई अवश्य जान्न सक्तछौ। जब मुमुक्षा उत्पन्न हुन्छ तब मुक्त हुनुको लागि कुनै क्रिया (यत्न) गर्नु पर्दैन; किन्तु केवल भ्रमले प्राप्त ब्रह्म स्वरूप देखि जो व्यवधान हो सजिलो सित अभाव प्राप्त भैहाल्छ। जो क्रियासाध्य वस्तु हो त्यसको प्राप्तिको लागि प्रयत्न गर्नुपर्छ। किन्तु आत्मस्वरुपलाई साक्षात् अनुभव प्राप्त गर्नुको लागि केवल भ्रमलाई हटाउनु पर्छ। अरू कुनै क्रियाको आवश्यक हुंदैन।

यो भ्रम हो चार प्रकारको- (१) सवेदन, (२) भावना (३) बासना (४) कलना। कलना हो व्यष्टि जीवको चित्तको नाना प्रकार वृत्ति यो वृत्ति उत्पन्न हुन्छ वासनाबाट। वासना हो भावनाको सूक्ष्मरूप। भावना हो संकल्पित जगत्मा सत्यता बुद्धि।

जव संकल्पवाट रचित जगत्मा दृढता हुन्छ (जगत् संकल्पवाट रचित भएको छ भन्ने कुरालाई विस्मरण गरिकन जव त्यसमा सत्यता वुद्धि हुन्छ) त्यसलाई भावना भनेको छ । जस्तो मैले संकल्पवाट मनै मनमा रचेको एक वगैंचा- यो वगैंचा मनःकल्पित हो सांचो हैन- यो कुरा मैले विर्सिहाल्छु तव त्यो कल्पित वगैचामा भूलले एकक्षणको लागि सत्यता वुद्धि मनमा जमि हाल्छ (त्यसको नाम हो वासना) फेरि वासना जव मनमा खडा हुन्छ र मनको वृत्तिरूप वन्दछ, तव कलना (व्यष्टि जीवको विषय चिन्तन) उदित हुन्छ । यसरी जव परंपराले प्राप्त विषय चिन्तन निवारित हुन्छ, तव निराकृत विषय चिन्तनको अवधि रूपले आफ्नो वास्तव ब्रह्मस्वरूप स्वयं प्रकाशित भै हाल्छ ।

विषय चिन्तनलाई कसरी निवारण गर्नु ? विषय हो वासनामय वस्तुरूप हैन, भावनाको दृढताबाट उत्पन्न भएको हुनाले जगत हो केवल संकल्प रूप । जगत हो संकल्प रूप भनी जव दृढ निश्चय वनि हाल्छ तव कसरी विषय चिन्तन चित्तमा उठ्न सक्ला ? यसरी चित्त सारा विषय चिन्तनवाट रहित भएर स्थित हुन्छ यसैको नाम हो निश्चिन्त चित्त ।

चित्त यसरी संपूर्ण विषय चिन्तन छोडेर स्थित हुनु अनायसले (कुनै क्रियाको सहारा विना) संभव हुन्छ चिन्तन रहित चित्त- जो अनायाश सिद्ध- हो ब्रह्म स्वरूपको साक्षात् अनुभवमा एकमात्र हेतु । यो हो रहस्य कुरा । किनकि ब्रह्मस्वरूपको अनुभव अरु कुनै प्रकारले सभव हुंदैन ।

प्रश्न- किन ?

उत्तर- जस्तो राहु अदृश्य हो त्यस्तै ब्रह्म पनि अदृश्य वस्तु हो । ब्रह्मलाई देख्नु सभव छैन । ब्रह्मलाई देख्ने वाला कोही छैन । त्यसो भएको हुनाले ब्रह्मलाई देख्न अरु प्रकारले संभव छैन ।

प्रश्न- कसरी सभव हुन्छ ?

उत्तर- जस्तो राहु जब चन्द्रमासित युक्त हुन्छ तब देखनमा आउँछ । त्यस्तै जब चित्त अखण्डाकार हुन्छ तब त्यो चित्तमा ब्रह्मस्वरूप स्पष्ट रूपले भासमान हुन्छ र मुमुक्षु पुरुष (जो केवल अखण्डाकार चित्तद्वारा उपहित चैतन्य रूप हो त्यसले) ब्रह्मस्वरूपको अनुभव गरिहाल्छ ।

प्रश्न- कसरी ?

उत्तर– जस्तो ढुंगामा अंकित एक रेखा ढुंगामा नै स्थित भैकन (ढुंगादेखि अभिन्न भैकन आफ्नो ढुंगा स्वरूपलाई अनुभव गरिहाल्छ त्यस्तै मुमुक्षु पुरुषले ब्रह्मी-भूत अखण्डाकार चित्तमा स्थित भैकन त्यो ब्रह्मस्वरूप देखि अभिन्न भैकन त्यो चैतन्य स्वरूप ब्रह्मलाई स्वतः अनुभव गरिहाल्छ ।

प्रश्न– यदि ब्रह्मस्वरूपलाई मुमुक्षु पुरुषले अनुभव गर्छ तब तद्वैत प्रपंच प्राप्त हुन्छ ।

उत्तर– जहाँ सम्म ब्रह्मज्ञाबाट अज्ञान विनष्ट हुँदैन तब सम्म (साक्षात्कारको पूर्वक्षणमा) त द्वैत प्राप्त नै छ त्यसकारण द्वैत प्रसगबाट परिज्ञात ब्रह्मस्वरूप (जो अद्वैत वस्तु हो) त्यसको कुनै विरोध हुंदैन । यसरी मुमुक्षु पुरुष जब आफ्नो वास्तव ब्रह्मस्वरूपलाई साक्षात् अनुभव गरिहाल्छ तब अनुभवको दोश्रो क्षणमा अद्वैत चिन्मात्र ब्रह्म परिशिष्ट रहन्छ ।

अर्थात् ब्रह्मज्ञानले जब अज्ञान विनष्ट हुन्छ तब अज्ञानको कार्य ब्रह्मज्ञान (अन्तिम ब्रह्माकार वृत्ति) पनि विनष्ट भै हाल्छ र चैतन्य ब्रह्म स्वयं प्रकाशित हुन्छ ।

यस प्रकार मंकी ऋषिले सुनिकन उनलाई ब्रह्मा-

कार वृत्ति प्राप्त भएको थियो र त्यो ब्रह्माकार वृत्तिको अनुवृत्तिद्वारा त्यस्को संवेदनभाव पनि विनष्ट भएको थियो र मकी ऋषि परिपक्व निर्विकल्प समाधिमा दीर्घकाल सम्म परिचित हुनु भएको थियो ।

—०००—

विवेक र अविवेक

पृथक स्वभाव र पदार्थ समीपमा स्थित भए अविवेकले (विवेक ज्ञानको अभावले) एक पदार्थको धर्म अरू पदार्थमा प्रतीव हुन्छ । जस्तो पानीमा डुङ्गा चलि राखेको छ र डुङ्गामा वसेको मानिस आफू हिंडीराखेको छु भनी अनुभव गर्छ, तर तटमा स्थित वृक्षहरू जो वास्तवमा विलकूलै चलेका छैनन् ती सारा चलि राखेका छन् भनी मानिन्छ, त्यस्तै आत्मा देखि भिन्न स्वभाव चित्त हो त्यो चलि राख्दछ र चित्त सित मिलेको जो चिदाभास चैतन्य हो त्यसैले चलि राखेकोछ भनी अनुभव गर्छ । यस्मा कारण हो केवल विवेक ज्ञानको अभाव । किनकि आत्मा (वास्तव म) देह इन्द्रियादि रहित भएको हुनाले कैले पनि अलिकति पनि चल्दैन, कुनै प्रकारको कैले पनि विकार प्राप्त हुँदैन तापनि आत्माको समीप स्थित चित्त चलि राखेको हुनाले चित्त स्थित चिदाभासले (प्रमाताले, ज्ञाताले, द्रष्टाले) म मनुष्य हुँ, म अन्ध हुँ, म चिन्तित हुं, भनी अनुभव गर्छ । किन्तु समीप स्थित आत्मामा मनु-

ष्यपनको, अन्धपनको किम्वा चिन्ताको, किम्वा चिन्तित-पनको विकार विलकूलै छैन ! किन्तु जब आत्म स्वभावमा स्थित आफू र साभास चित्तमा प्रतिबिम्बित छाया (प्रमाता, ज्ञाता, द्रष्टा,) को भित्र बिवेक उत्पन्न हुँदैन तब चित्तको जो नाना प्रकारको विकार त्यो अविवेकले आफ्नो वास्तव स्वरूपमा मानिलिन्छ । यसरी अविवेकले नाना प्रकार चित्तको विकार आफूमा मानि राखे तापनि आफ्नू वास्तव स्वरूपमा कुनै प्रकार विकार सिद्ध हुँदैन यसरी जस्तो डुङ्गा चल्छ, डुङ्गामा वसेको मानिस चल्छ, किन्तु तटमा स्थित रूखहरू चल्दैनन् यस्तो दृष्टान्त छ । त्यस्तै चित्त नाना प्रकारको विकार प्राप्त भै राख्दछ र चित्त-सित मिलेको चिदाभास पुरुषले नाना प्रकार अनुभवलाई (विकारलाई) अनुभव गरि राख्दछ । किन्तु साभास नाना प्रकारले आकारित जो त्रिपुटीहरू हो त्यस्को समी-पमा स्थित आत्माले (मेरो वास्तव स्वरूपले) सारा विकार को प्रकाशक भएको हुनाले कुनै प्रकारको विकार अनुभव गर्दैन अर्थात् मेरो वास्तव स्वरूपमा मनुष्यपनको, अन्ध-पनको, चिन्तितपनको, अलिकति पनि स्पर्श हुन शक्तैन यसरी विवेकद्वारा चित्तको समीपमा स्थित भैकन पनि वास्तवमा म (आत्मा) निर्विकार, अखण्ड, एकरस, स्वयं-प्रकाशरूपले अवस्थित रहन्छ यो हो विवेक ज्ञानको अव-श्यभावी फल ।

विवेक द्वारा साक्षात्कार

आत्मसाक्षात्कारबाट ब्रह्मसाक्षात्कार उदित हुन्छ, आत्मसाक्षात्कार हो "म ब्रह्म हूं" यसप्रकार अनुवर्तमान ब्रह्माकार वृत्तिद्वारा आफ्नो ब्रह्मस्वरूपताको अनुभव।

"म ब्रह्म हूँ" यो शब्दको विश्लेषण गरे दुइटा शब्द पाइन्छ- "म- ब्रह्म" यसको अर्थ हो जो पहिले चित्तसित मिलेर "म" बनेको थियो त्यो वास्तवमा हो साभास चित्त देखि विविक्त आत्म वस्तु (ब्रह्म) म र ब्रह्मको एकता कसरी सिद्ध हुन्छ ? यस्को उत्तर यो हो कि एकताको पहिले "म" थियो साभास चित्तको सात्विक वृत्तिरूप र त्यसकारण त्यो ब्रह्म थिएन तर साक्षात्कार रूप एकताको अनुभव त तव संभव हुन्छ, जब विवेकद्वारा साभास चित्त देखि आफ्नू स्वरुप (म) विविक्त हुन्छ, तब त्यो म ब्रह्मस्वरूप बनि हाल्छ। अर्थात् ब्रह्मसित साभास चित्तदेखि विविक्त आफूको एकताको अनुभव संभव हुन्छ।

ब्रह्मज्ञान केवल विवेक पूर्वक संभव हुन्छ, अविवेक दशामा अविविक्त आफू (चिदाभास म) ब्रह्मदेखि भिन्न

थियो र विवेकको उदय भए विवेकज्ञानद्वारा विविक्त आफू (म) ब्रह्मसित अभिन्न भनी अनुभव गर्छु । किनकि जब म (आफू) चित्तदेखि विविक्त हुन्छु तब त्यो विविक्त म अवश्य ब्रह्मस्वरुप बनिहाल्छु । यसरी साक्षात्कार हो विवेक माथि आधारित । अर्थात् जब आफू चित्तदेखि विविक्त भनी अनुभव गर्छु तब त्यही क्षणमा आफू हो ब्रह्मस्वरूप भनी अनुभव गरिहाल्छु । अविविक्त आफू ब्रह्मदेखि भिन्न थियो । विवेकले आफू ब्रह्मस्वरूप भनी अनुभव गर्छु । त्यसकारण आफू (म) र ब्रह्म हो भिन्न भिन्न वस्तु केवल अविवेकले; किनकि चिदाभास वास्तवमा निराभास ब्रह्म हुन शक्तैन किन्तु जब आभास रूपता विवेक द्वारा निरस्त हुन्छ तब आफू (म) निराभास अद्वितीय ब्रह्मस्वरुप बनि हाल्छ । कस्ले आफुलाई ब्रह्म हूं भनी अनुभव गर्छ ? उत्तर यो हो कि अविविक्त आफूले अनुभव गर्दैन किन्तु विविक्त आफूले आफूलाई ब्रह्म भनी स्वतः आफूलाई आफूले अनुभव गर्छ । यसरी साक्षात्कार प्रकरणमा पनि विवेकको अनिवार्यता देखाइयो ।

प्रारब्ध

वास्तवमा प्रारब्ध भन्ने पुरूषकार बाहेक अरू कुनै कुरा बुझाइँदैन । अर्थात् पहिलेको पुरूषकार हो प्रारब्ध किम्वा दैव । त्यसकारण संसारमा जो कुछ सिद्ध हुन्छ त्यो केवल पुरूषार्थबाट । दैववाट केही पनि सिद्ध हुंदन । भगवान् बशिष्ठ रामलाई भन्नु हुन्छ- हेराम ! तिमी दैवलाई अनादर गरेर पुरूषार्थ पट्टी लाग, किनकि दैव (प्रारब्ध) भन्ने कुनै कुरा छैन । सिद्धिको लागि जो कुरा छ त्यो हो पुरूषार्थ ।

त्यसैले संसारमा यो प्रसिद्ध छ कि पुरूषार्थ विना कुनै कुराको सिद्धि हुन सक्तैन पुरूषकार हो पुरूपबाट कुनै कुराको सिद्ध गर्नुको लागि साधन अपनाउनु । यो त अत्यन्त प्रसिद्ध हो कि जो कुछ मानिसको सिद्ध हुन्छ त्यो केवल पुरूष प्रयत्नबाट नै सिद्ध हुन्छ ।

यस्को रहस्य यो हो कि जब पुरूष प्रयत्न दीर्घकालको अभ्यासको परिणामले फलोन्मुख हुन्छ तब त्यो फलोन्मुख पुरूष प्रयत्नलाई प्रारब्ध नामले कहिन्छ; अर्थात्

मेरो नै जन्मान्तरीय अभ्यास जब फल दिनको लागि प्रकट हुन्छ तब त्यसलाई दैव किम्वा प्रारब्ध भनेको छ। अभ्यस्त पुरूष प्रयत्न हो प्रारब्ध। त्यसैले प्रारब्ध अवश्य फलीभूत हुन्छ। अवश्य फल दिन्छ यस्तो जो दीर्घकालिन पुरूष प्रयत्नको अभ्यास हो यसैको नाम हो प्रारब्ध, तब प्रारब्ध फल दिँदैन यो हो परस्पर विरूद्ध कुरा।

त्यसकारण हामीहरूले केवल पुरूष प्रयत्न गर्नुपर्छ। पुरूष प्रयत्न हो २ प्रकार– (१) हो शास्त्रोक्त (२) शास्त्र वहिर्भूत। शास्त्रोक्त पुरूष प्रयत्न गरे पछि हामीहरूको सारा दुःखबाट रहित भैकन आफ्नो वास्तव सुख स्वरूपमा अवश्यंभावी रूपले प्रतिष्ठा हुनु वन्दछ। त्यसकारण हामीहरूले शास्त्रोक्त पुरूष प्रयत्न गर्नु उचित छ। शास्त्रोक्त पुरूष प्रयत्न हो दुई प्रकार– (१) यथाशक्ति चेष्टा गर्नु। (२) हो सारा चेष्टाबाट रहित भैकन मनद्वारा पनि कुनै बिषयको चिन्तन नगरिकन अवस्थान गर्नु। अर्थात् शरीर इन्द्रियादिको चेष्टा र मनमा कुनै विषयको चिन्तन नगरिकन– "मेरो प्रारब्ध अनुसार जीवन निर्वाह सुख पूर्वक अवस्थान अवश्य हुनेछ भनी निश्चय लिएर स्थित भए त्यस्को चेष्टा विना योग क्षेम अवश्य संभव हुन्छ यो पनि ईश्वरीय नियम हो।

जस्तो शास्त्रोक्त पुरूष प्रयत्नले फल अवश्य मिल्छ, त्यस्तै प्रारब्धमाथि भर परिकन स्थित भए पनि मनुष्यको फल मिल्छ ।

प्रश्न– पुरूष प्रयत्न विना कसरी फल मिल्छ ?

उत्तर– प्रारब्धमाथि निर्भर गर्नु (प्रारब्धाधिष्ठित ईश्वरीय नियम माथि निर्भर गर्नु हो) अति उत्कृष्ट पुरूष प्रयत्न । साधारण मनुष्यले शरीर इन्द्रियको चेष्टा-लाई पुरूष प्रयत्न भनी मान्दछ तर उत्तमाधिकारी सज्जन पुरूषले देह इन्द्रियादिको चेष्टा र मनको चिन्त-नलाई परित्याग गरिकन मेरो पूर्वार्जित प्रयत्नले (जो अैले फलोन्मुख छ) अवश्य फल दिन्छ र मेरो जीवन निर्वाह अवश्य नै भै हाल्छ, भनी निश्चय गर्दछ । यस-प्रकार निश्चय गर्नु हो ज्यादा उत्तम पुरूष प्रयत्न भनी शास्त्रमा भनिएको छ ।

प्रश्न– यसको रहस्य कुरा के हो ?

उत्तर– रहस्य कुरा यो हो कि उत्तम सज्जन पुरूषले उत्कृष्ट पुरूषार्थलाई अपनाउँछ । अर्थात् साधारण पुरूष प्राण र शरीर इन्द्रियको चेष्टा मनको विषय चिन्तनलाई ठूलो भनी मान्दछ । किन्तु विवेकी मुमुक्षु पुरूषले उत्तम

पुरूष प्रयत्नलाई स्वीकार गरिकन निश्चेष्ट भएर विषय चिन्वन रहित भैकन केवल ईश्वर निर्भर भएर स्थित रहन्छ त्यस्को पुरूष प्रयत्न अत्यन्त उत्कृष्ट भएको हुनाले त्यस्को अवश्य फलदायी भै हाल्छ । रहस्य कुरा यो हो कि जुनकुरा विषय चिन्तनले मिल्दैन त्यो कुरा प्रारब्ध माथि भर परेको उत्तम पुरूषको विना प्रयत्न ईश्वरको नियति वशात् अवश्य मिल्छ ।

प्रश्न- यसमा दृढता कसरी हुन्छ ?

उत्तर- साधारण पुरूष प्रयत्नलाई परित्याग गरीकन प्रारब्ध निर्भरता रूप अत्यन्त उत्कृष्टरूप पुरूप प्रयत्नलाई उत्ताम अधिकारी पुरूपले अवश्य अपनाउँछ; यसको कारण यो हो कि आस्थावान् ईश्वर विश्वासी पुरूपले ईश्वर निर्भरतालाई अवश्य फलदायी भनी निश्चय गर्दछ । यसको कारण यो हो कि चेष्टा र चिन्तन केवल दुःखदायी हो । किन्तु प्रारब्ध माथि भर पर्नु केवल निश्चित रुपले अवश्य फलदायी हो यस्तो मात्र न मानीकन त्यो सुखदायी र उत्कृष्ट भनी निश्चय गर्छ । त्यसकारण कुनै प्रकारको दुःख रूप चिन्ता रहित भैकन पनि मजासित स्थित भएरहि आफ्नो जन्मान्तरीय फलोन्मुख पुरूप प्रयत्नरूप प्रारब्ध अवश्य फलदायी हुन्छ यसमा कुनै संशय छैन ।

भक्ति र क्षेत्रज्ञको स्वरूप

प्रश्न– ज्ञानी भक्तले जगतलाई असार भनी निश्चय गर्छ र त्यस पछि त्यो ज्ञानी भक्त क्षेत्रज्ञ बनीहाल्छ र संपूर्ण क्षेत्रको (जगतको) प्रकाशक भनी आफूलाई जान्दछ यस्मा जो विरोध देखिन्छ त्यस्को परिहार गर ।

उत्तर– ज्ञानी भक्त हो कर्मनिष्ठा भूमिकामा स्थित पुरुष त्यसले भावना (संस्कार) को बलले जगतलाई असार भनी निश्चय गर्छ र त्यसकारण जब जगत् वासना खडा हुन्छ तब त्यस्को निराकरण गरी हाल्छ (संस्कारको बलले तेस्को प्रत्याख्यान गर्छ) किन्तु क्षेत्रज्ञ हो ज्ञान भूमिकामा स्थित पुरुष ; त्यस्को ब्रह्म साक्षात्कार गर्न बांकी छ र त्यस कारण जगत् वासनको संपूर्ण क्षयको लागि त्यसले क्रम क्रमले (निर्गु ण भक्तिको परिपाकले) चित्तलाई बिशुध्द तुल्याइकन सपूर्ण चित्तावृत्तिको निरसन पूर्वक चित्तलाई अचल तुल्याएर स्थित हुनुपर्छ ।

त्यसकारण जगत् वासनाको विनिवृत्ति नभएको हुनाले मायिक जगत्मा त्यस्को प्रत्यक्ष मिथ्यात्वको अ्क

भव नभएको हुनाले प्राप्त जगत् भावलाई (क्षेत्रलाई) प्रकाश गरिरहनु पर्छ र परिणामले संपूर्ण क्षेत्रलाई मिथ्या भनी अनुभव गरिकन निजी ब्रह्मस्वरूपलाई साक्षात्कार गर्छ त्यसो भएको हुनाले क्षेत्रको प्राप्ति असंभव कुरा नभैकन सर्व प्रकारले संभव कुरा हो ।

Acc. NO. ८६२८

वेदान्त शास्त्रको निष्कर्ष

एक नित्य स्वप्रकाश चिदानन्द वस्तु किम्वा अनुभवमात्र विद्यमान छ । यो चिन्मात्र वस्तु देखि अतिरिक्त चित्त आदि कुनै पदार्थ छैन । चित्त कहिले कहिले फुरि राखे तापनि त्यो आत्माको अत्यन्त समीपमा स्थित भैकन नै नाना प्रकारको वृत्तिरूपले स्फूरित भै राख्छन् ती सम्पूर्ण त्रिपुटीहरू शुद्ध चैतन्य स्वरूप देखि अलिकति पनि भिन्न वस्तु हैनन् । "यो जो म जगत्को नाना पदार्थ देखि राखेको छु" भनी अनुभव भै राख्दछ । त्यो अनुभवलाई विश्लेषण गरे पछि त्यसमा जो भित्र र वाहिरको जगत् प्रकाशित देखिन्छ । त्यो जगत् पदार्थ पनि हो केवल चैतन्य वस्तु । यसरी जाग्रत्, स्वप्न र सुषुप्तिमा जो प्रतियमान अनात्म प्रपंच छ र त्यसको जो अनुभव हुन्छ त्यो हो त्यसको वास्तव स्वरूप केवल चैतन्य वस्तु । यसरी विचार दृष्टिले सपूर्ण द्वैत प्रपंच वास्तवमा अद्वैत अनुभव स्वरूप देखि अलिकति पनि भिन्न हैन ।

संपूर्ण जगत् प्रपंच (त्रिपुटी) विश्लेषण पूर्वक

त्यसको अनुभवको प्रकार विवेचना गरे यो संपूर्ण जगत् प्रपंचको अनुभव केवल चिन्मात्र वस्तु रूपले पर्यवसित देखिन्छ । ठीक जस्तो भ्रमले सर्प रहित रज्जुमा सर्प को भान हुन्छ । त्यस्तै अद्वैत ब्रह्मस्वरूपमा केवल अज्ञानताले जगत् प्रपंचको प्रतीत भै रहन्छ । यो कुरा बुझ्नको लागि केवल प्रमाता चैतन्य, प्रमाण चैतन्य, र प्रमेय चैतन्य एवं प्रमिति चैतन्यको स्वरूप विचार गरे त्यो विचार केवल शुद्ध चिन्मात्र स्वरूपमा पर्यवसित हुन्छ ।

प्रश्न– प्रमाता चैतन्य कसरी शुद्ध चिन्मात्र स्वरूप हो ?

उत्तर– प्रमाता चेतन्यको आविर्भाव र तिरोभाव देखिन्छ र आफूको स्थिति कालमा पनि केवल प्रत्येक चैतन्य रूप नै अनुभव हुन्छ । त्यसकारण प्रमाता चैतन्य हो कल्पित वस्तु र त्यसकारण अधिष्ठान चिन्मात्र स्वरूप ।

प्रश्न– प्रमाता चैतन्यको स्थिति कालमा प्रमाता चैतन्य कसरी शुद्ध चैतन्य हो ?

उत्तर– शुद्ध चैतन्य हो आफ्नो वास्तव स्वरूप र प्रमाता पनि हो आफ्नो स्वरूप । यदि प्रमाता चैतन्य शुद्ध चिद्वस्तु (आफूवस्तु) देखि भिन्न हुन्थ्यो, त्यसमा आफू बुद्धि हुन सक्ने थिएन । किन्तु प्रमाता हो निजी

स्वरूप । प्रमाता अरू कुनै वस्तुलाई भनिदैन । जस्तो "मैले यो कुरा जानेको छु" यहाँ 'मैले' भन्नुको अर्थ हो– 'म आफुले', त्यहाँबाट बुझिन्छ 'म' आफू अनुभूत भएको हुनाले त्यो प्रमाता हो वास्तवमा प्रत्यक चैतन्य वस्तु ।

प्रश्न– अच्छा प्रमातालाई आफूदेखि भिन्न अरू कुनै पुरुष भनी माने के हानी छ ?

उत्तर– हानी हो अवश्यभावी अनुभव सित विरोध, अनुभव हुन्छ (खास आफूको) । म रूपले अनुभव अनिवार्य भएको हुनाले त्यो प्रमाता चेतन प्रत्यक चेतन देखि कसरी भिन्न होला ?

प्रश्न– यो अनुभव विरोधलाई स्पष्ट गरि बताउनोस् ।

उत्तर– हेर । जो कुछ प्रमाणबाट सिद्ध हुन्छ, जो कुछ कार्य कारणबाट सिद्ध हुन्छ त्यो सारा हो कर्ता किम्वा प्रमाताको अधीन । त्यो प्रमाता किम्वा कर्ता को हो ? तिमी हौ कि अरू कोही हो ? तिम्रो भनाई हो– त्यो प्रमाता किम्वा कर्ता अरू मानिस हो । किन्तु अरू मानिस हो भनीकन प्रमाता किम्वा कर्ताको अनु-भव हुन्छ कि ? अरू मानिसले जानेको छ ? अरू

मानिसले गरेको छ ...

प्रश्न- अरू मानिसले अनुभव गरेको छ भनी अनुभव हुन्छ कि ?

उत्तर- त्यो त हुँदैन ।

प्रश्न- तव कसरी अनुभव हुन्छ ?

उत्तर- (अनुभव) कर्ता त मनै हुं, प्रमाता म नै हुं । त्यसो भएकोले अरू त कोही हैन । प्रमाता आफू वास्तव चैतन्य भनी सिद्ध हुन्छ ।

यसरी सम्पूर्ण त्रिपुटीलाई अनुसन्धान पूर्वक वास्तव स्वरूपको निर्णय गरे पछि त्यो केवल चित्स्वरूपमा पर्यवसित हुन्छ ठीक यस्तो अनुसन्धान गरे (विचार गरे) सर्प केवल रज्जु स्वरूपमा पर्यवसित हुन्छ । त्यसकारण सपूर्ण चित्तवृत्ति जव चिन्मात्र स्वरुप देखि भिन्न भनी सिद्ध भएन तव—

(१) परमार्थ सत्य वस्तु हो चित्त रहित चैतन्य मात्र यस प्रकार निश्चय गर्नु पर्छ;

(२) त्यतिमात्र हैन; किन्तु त्यो निश्चयलाई दृढ़ तुल्याउनको लागि नित्य निरन्तर ब्रह्मज्ञान नभए सम्म आफ्नू वास्तव अनुभव स्वरूपमा स्थित रहनु पर्छ र त्यो अनु-

भव स्वरूपमा स्थित हुनुको नाम हो बुद्धि पूर्वक अनुभव स्वरूपलाई अनुभव गरिराख्नु। जब तिमी वास्तवमा हौ चिन्मात्र वस्तु, तब तिमी आफूलाई भ्रमले किन कर्ता, भोक्ता प्रमाता भनी एकक्षणको लागि पनि अनुभव गरौला ? जो जस्तो हो त्यो त्यस्तै भएर स्थित भएर रहनु। (स्वाभाविक रूपले अनायास रूपले, प्रयत्न विना) निजी चिन्मात्र स्वरूपमा स्थित रहनु यसैको नाम हो निर्विकल्प समाधि- अर्थात् कुनै प्रकार चित्तवृत्ति न उठाएर- स्वरूपमा जागा रहि स्थित रहनु, तब मात्र आफ्नू चिन्मात्र स्वरूपको निश्चय दृढ हुन जान्छ र फल स्वरूप तिम्रो कर्ता प्रमाता भाव अत्यन्त निरस्त हुन्छ। त्यो निरसनको अवधिरूपले, निरस्त त्रिपुटीको अधिष्ठान रूपले केवल चिन्मात्र स्वरूप स्वयं प्रकाशित रहन्छ। यसैको नाम हो चिन्मात्र स्वरूपको ज्ञान पूर्वक प्राप्ति। यो हो सपूर्ण शास्त्रको निष्कर्ष।

स्थूल पदार्थको स्वरूप

पदार्थ हो दुइ प्रकार :- स्थूल (वाहिरी) र सूक्ष्म (भित्री)। यी दुइ पदार्थलाई जगत् भनेको छ । जगत् प्रपंच द्वैत र अनात्मा हो पर्याय शव्द । यो सपूर्ण जगत्को सत्ता आधारित छ जगत्को प्रकाशकको माथि। पहिले जगत् प्रकाशित हुन्छ त्यसलाई जगत् छ भनी भनिन्छ ।

जगत् प्रकाशित हुन्छ केवल साक्षि चैतन्यको प्रकाशले; अर्थात "यो जगत् हो" "जगत्लाई देख्दछु" यसप्रकार जगतको आकारमा आकारित चित्तवृत्तिमा साक्षि चैतन्य प्रतिफलित हुन्छ र त्यो प्रतिफलनवाट साक्षि चैतन्यको भित्र अन्तर्भूत जव साक्षि चैतन्य प्रकाशित हुन्छ तव जगत् पनि प्रकाशित भै हाल्छ जगत्को प्रकाश हो साक्षि चैतन्यको अधिन । यसरी जगत् आफूवाट प्रकाशित नभैकन साक्षि चैतन्यमा कल्पित भएर (साक्षि चैतन्य स्वरूपको अन्तर्भूत भैकन) स्वयं प्रकाश साक्षि चैतन्य रूपले स्थित हुन्छ (अर्थात् स्थूल पर्वतादि पदार्थ प्रकाशित हुन्छ) ।

अहंकार, ममकार, काम, क्रोध आदि हुन् आन्तर जगत पदार्थ (जगत् भन्नुको आशय हो अनात्मा) यो भित्रको जगत् साक्षात् रुपले प्रत्येक चैतन्यवाट प्रकाशित हुन्छ यद्यपि यो चित्त बृत्तिरूप (भित्री जगत् पदार्थ) स्वच्छ भएको हुनाले साक्षि चैतन्यबाट उद्भासित भै हाल्छ तापनि यो चित्त वृत्तहरूले अरू पदार्थ हरूलाई प्रकाश गर्न सक्तैन । केवल यो साभास बृत्तिहरू भित्र (साक्षि चैतन्य) बाट प्रकाशित भै रहन्छ । यसरी संपूर्ण अनात्म प्रपंच (पर्वतादि र काम क्रोधादि) साक्षि चैतन्यबाट प्रकाशित हुन्छ; अर्थात् सम्पूर्ण द्वैत प्रपंच हो चित्तवृत्ति रूप ।

चित्तको वृत्ति एकक पदार्थ हैन, किन्तु त्रिपुटीरूप हुन्छ । चित्तको वृत्ति हो चित्तको स्पन्दन, चलन किम्वा स्फूरणरूप । जव चित्त अलिकति चल्छ (स्पन्दित हुन्छ, वृत्तियुक्त हुन्छ) तव त्यो बृत्ति तीन प्रकार नै हुन्छ । अर्थात् पर्वत भन्ने काम क्रोध भन्ने हो त्रिपुटी रूप । यो मार्मिक कुरा हो कि जब चित्त अल्प परिणाममा पनि स्पन्दित हुन्छ तव चित्त त्रिगुणात्मक अविद्याको कार्यरूप भएको हुनाले (अनात्माकार विषयाकार बृत्ति) उत्पन्न हुनु वित्तिकै त्यो तीन प्रकारले विभाग प्राप्त हुन्छ :—

(१) सात्विक विभाग (२) राजसिक विभाग (३) तामसिक विभाग। सात्विक विभाग हो- साक्ष्याकार, राजसिक विभाग हो- ज्ञानाकार र तामसिक विभाग हो- पदार्थाकार। यसरी जहाँ पर्वतादिको सत्ता मानिन्छ त्यहाँ पर्वतको प्रकाश अवश्य मान्नु पर्छ (किनकि प्रकाश भए विना सत्ता संभव हुँदैन। यसरी जव साभास पदार्थाकार वृत्ति उत्पन्न हुन्छ त्यसको साथ साथै साभास चित्तको सात्विक र राजसिक हिस्सा पनि वनि हाल्छ (म जान्दछु) यसरी मैले पर्वतलाई जान्दछु हो पर्वताकार साभास चित्तवृत्ति स्वरूप। त्यसैले स्थूल पदार्थ हो साभास चित्तको तीन प्रकार विभाग (त्रिपुटीरुप) पर्वताकार चित्तवृत्ति कैले पनि एकक हुन सक्दैन।

त्यसैले जब आविद्यक चित्तवृत्तिको निरोध उत्पन्न हुन्छ, तव त्यो निरोध केवल पर्वतको हैन, किन्तु यो पर्वत हो, किम्वा मैले पर्वतलाई देखि राखेको छु यो हो वाहिर भित्रको पर्वतको निषेध यसरी संपूर्ण चित्तवृति रुप जगत् (जगत् वासना समेत) जव निरूद्ध हुन्छ तव मात्र प्रत्यक साक्षीको विद्यमानता न भैकन केवल ब्रह्म प्रत्यक रूपले प्रकाशित हुन्छ। यसरी ब्रह्मज्ञान किम्वा मुक्ति हो सम्पूर्ण चित्तवृत्तिको सकारण निषेधको फल।

सहज सविकल्प समाधि

प्रश्न- जुनवेला दुःख हुन्छ त्यसै वेला त्यस्मा विवेक हुन्छ कि ?

उत्तर- यो प्रसंग धेरै उत्तम हो र यो प्रसंग सविकल्प समाधिमा पुऱ्याई दिन्छ यहाँ तीनओटा स्पष्ट स्तर पाइन्छन् ।

(१) राजसिक साभास चित्तवृत्तिको नाम हो दुःख । त्यो दुःखको उदय हुनुको क्षण हो प्रमाताबाट दुःख ग्रस्त हुनलाई दुःखाकार चित्तवृत्तिद्वारा अनुभव । तर यो दुःखाकार चित्तवृत्ति अवश्य साक्षिभास्य हुन्छ; किन्तु प्रमाताको दुःख ग्रस्त हुनुको क्षण साक्षिभास्य हो—

(२) ज्ञान (विवेक) हुनुको क्षणदेखि भिन्न । अर्थात् पहिले दुःख ग्रस्त हुन्छ र त्यसपछि प्रमाताले विवेक प्राप्त गर्छ- अर्थात यो मबाट प्रकाश्य जो दुःख हो त्यो दुःख आगन्तुक र मिथ्या भएको हुनाले साक्षि मेरो दुःख ग्रस्त हुनु वन्दैन । यसरी प्रतीयमान दुःख साक्षि स्वरूप आफूमा हराई हाल्छ र केवल साक्षि परिशिष्ट रहन्छ ।

यसरी दुःखको अनुभवको क्षण देखि परवर्ति क्षण हो विवेकको क्षण ।

(३) यसरी दुःख ग्रस्तबाट विविक्त भएको साक्षि स्वरूपको भानको अन्तर प्रमातालाई सविकल्प समाधि प्राप्त हुन्छ । यो सविकल्प समाधि हो दृश्यानुविद्ध सविकल्प समाधि । किनकि पहिले दुःख दृश्य रूपले थियो र ऐले (दोश्रो क्षणमा) त्यो दृश्य द्रष्टाको स्वरूपमा विलीन भै हालेको छ र केवल द्रष्टा (जसको दृश्य दुःख सित कुनै संपर्क छैन) परिशिष्ट रहन्छ । यसरी विवेक द्वारा दृश्यको विलय पूर्वक प्रमाताको केवल द्रष्टा स्वरूपमा अवस्थान हो सविकल्प समाधि ।

यसरी यो प्रसंगमा तीन भिन्न भिन्न उत्तरोत्तर उत्कृष्ट अनुभवको स्तर प्राप्त हुन्छ ।

भ्रमले अप्राप्त वस्तुको पुनराय प्राप्ति

प्रश्न– कण्ठ– चामीकर न्याय अनुसार यदि कण्ठ-हार प्राप्त हुन्छ तव भ्रमले अप्राप्त आत्मस्वरूप मुमुक्षु पुरूषको कसरी प्राप्त हुन्छ दृष्टान्त र द्राष्टान्तको समानता विस्तृत रूपले प्रदर्शन गर र आधुनिक मुमुक्षुको भ्रमले अप्राप्त आत्माको फेरो प्राप्त हुनुमा प्रतिबन्ध के के हो निर्देशन गर ।

उत्तर– (चित्रद्वारा प्रदर्शन गरिएको छ) ।

दृष्टान्त	द्राष्टान्त
१) मेरो हार हरायो–	१) मैले ब्रह्मस्वरूपलाई जानेको छैन (ब्रह्म मेरो अप्राप्त छ)
२) त्यसैले खेद प्राप्त भयो ।	२) संसारको नाना प्रकार दुःखको अनुभव भै राखेकोछ ।
३) तिम्रो हार हराएको छैन आप्त पुरूषको वाक्यले खेद हट्यो ।	३) ब्रह्म तिम्रो वास्तव स्वरूप भएको हुनाले ब्रह्म तिम्रो सदा प्राप्त वस्तु हो(ससार को दुःख सामान्य रूपले घट्यो) ।
४) किन हराएको छैन भनी जिज्ञासा भयो ?	४) कसरी ब्रह्म प्राप्त होला ब्रह्म स्वरूप पाउनुको इच्छा भयो ।

५) प्रत्यक्ष दर्शनको लागि उत्कण्ठा भयो ।	५) साक्षात्कारको तिव्र इच्छा ब्जान्नु ।
६) हार तिम्रो गलामा छ ।	६) तिम्रो वास्तव स्वरूप हो ब्रह्म (उपदेश) ।
७) गलामा हात हाल्यो ।	७) निदिध्यासममा तत्पर भयो ।
८) हार फेरि प्राप्त भयो ।	८) परिपक्व निर्विकल्प समाधिमा आत्म ब्रह्म स्वरूपलाई अनुभव गर्‍यो ।
९) आनन्दको अनुभव भयो	९) ब्रह्म साक्षात्कार भयो स्वल्प दुःख निवृत्ति पूर्वक परमान्दको अनुभव भयो ।

प्रतिवन्ध हो :—

(१) चित्तशुद्धि भगवत अनुग्रह प्राप्तिको अभाव।

(२) अविद्या कार्य देहादि प्रपचको क्रमिक रूपले सम्यक् निरसनको अभाव (प्रमाण सशय, प्रमेय संशय, विपरित भावना- निवृत्तिको अभाव)।

(३) निर्विकल्प समाधिको दीर्घकालिन प्राप्तिको अभाव ।

(४) सम्यक आत्म साक्षात्कारको अभाव ।

(५) ब्रह्म साक्षात्कारको सुतरां अभाव ।

(परिशिष्ट)

अनुभवको साधन

जस्तो हामा अन्तकरण सित मिलीकन सुखी दुःखी हुँ भनी जानेर सुखी दुःखी बनाहाल्छौं त्यस्तै बुद्धिद्वारा स्पष्ट रुपले आफुलाई बुद्धिको प्रकाशक अर्थात बुद्धि रहित केवल प्रकाश रुप हुँ भनिकन-सधैं बुद्धिको आत्माकार बृत्तिद्वारा -आफुलाई साक्षी चैतन्य भनेर भनेर अनुभव गरी रहनु पर्छ। अर्थात बुद्धिलाई आत्माकारमा आकारित राख्नु पर्छ। अर्थात बुद्धिलाइ कुनै विषय सित मिल्न दिनु भएन-अर्थात बुद्धिलाइ म साक्षी हुँ यसप्रकार आत्माकारमा आकारित हुन दिनु पर्छ। कहिलै पनि अनात्माकारमा आकारित हुन नदिनु।

अनात्माकार कसरी हुन्छ ? इन्द्रियलाइ नरोकेको हुनाले -अर्थात आँखालाई रुप देख्न कानलाइ शब्द सुन्न तिर निरन्तर लगाई राखेको हुनाले-बुद्धि अनात्माकारमा आकारित भै नै रहन्छ। हुनाले इन्द्रियलाई रोकी दिनु। कदाचित देखे सुने तापनि त्यसमा सत्यता बुद्धि नगरेर देखेको सुनेको कुरामा रस बुद्धि छोडि दिनु पर्छ यसरी इन्द्रियको दमन हुन्छ। इन्द्रियको दमन नभए मनको आत्माकार आकारित हुनु संभव छैन। आत्माकारमा आकारित नभए साक्षी स्वरुपको थाहा हुंदैन। यसरी हरहालतमा आफूलाई-आत्माकार वृत्तिको प्रयत्न पूर्वक उत्पत्तिद्वारा-साक्षी स्वरुप भनि अनुभव गरि रहनु पर्छ। यो हो पहिला दुक्रा कुरा।

आत्माकार वृत्तिको-म साक्षी हुँ यस प्रकार वृत्तिको-उदित हुनुलाई ध्यान भनेको छ। यसप्रकार ध्यानको अभ्यास भए ध्याताभावको शिथिलता पूर्वक ध्यान र ध्येयाकार वृत्तिप्रवाह चलि रहन्छ। यसप्रकार वृत्तिप्रवाह हो साक्षीबाट अवभासित। अर्थात् म साक्षी बनेर ध्येयाकार वृत्ति प्रवाहलाई प्रकाश गरि राख्नु पर्छ। यसप्रकार ध्येयाकार किम्वा ब्रह्माकार वृत्ति हो साक्षिभास्य।

जहाँ सम्म आत्माकार वृत्तिद्वारा ध्येय साक्षी चैतन्यलाई आफ्नो स्वरुप हो भनीकन अनुभव गरी राख्छ–त्यसैलाई ध्यान भनेको छ। जसको बारेमा ध्यानयोग भन्ने गीता षष्ठ अध्यायमा पाईन्छ त्यहाँ सम्म ध्यानाभास चलि रहन्छ।

दीर्घकाल ध्यानाभ्यासको अभ्यास विना आफ्नो साक्षी स्वरूपको अनुभव हुन सक्दैन।

प्र०- यो अनुभव कसरी गर्नु पर्छ ?

उ०-यसको साधन हो आफूलाई चित्त र चित्त वृत्ति देखि बिलकुल अलग भनिकन बुद्धि पूर्वक जानेर साक्षी स्वरुपमा (विषय चिन्तन परित्याग पूर्वक) मनलाई स्थापना गरि राख्नु पर्छ। ध्यानको आशय यो हो कि राम्ररी बुझेर आफूलाई चित्त वृत्तिको साक्षी र चित्त वृत्तिद्वारा अस्पृश्य जो प्रत्यगात्मा हो त्यसमा आफू बुद्धि ध्यानद्वारा (म हुं साक्षी चैतन्य यसप्रकार बुझनुबाट) आफ्नो साक्षी स्वरुपलाई अनुभव गरि राख्नु।

प्र०- यसप्रकार ध्यानको आशय के हो ?

उ०- यसप्रकार ध्यानको अभ्यास नभए प्रमाताभाव-

को शिथिलता सम्भव छैन । म हुँ कर्ता, भोक्ता, संसारी सुखी दुःखि मानिस भनेर जो वासना उत्थित भएर आफूलाई प्रमाता तुल्याउछ त्यसलाइ धीरे धीरे शिथिल तुल्याउनको लागि म कर्ता भोक्ता संसारी हैन, किनकि यो त्रिपुटी हो आगमापायी (आविर्भाव तिरोभाव शील) त्यसकारण संसारी भाव आए पनि हराइ हाल्छ र त्यसको आविर्भाव तिरोभाव म खास जान्दछु । किन्तु यो क्षणिक थाहा पाउनु किम्वा जान्नुवाट प्रमाताभाव शिथिल हुंदैन किन्तु मैं चित्त स्थित मिलेको संसारी मान्छे हैन (किनकि यो संसारीभाव हराउँछ त्यो हराउनुलाई म साक्षात् जान्दछु त्यसकारण म संसारी मानिस हुँदै हैन, किन्तु म संसारी मानिसको खडा हुन र हराउनु म मा कल्पित भैकन म वाट प्रकाशित भै राखेको छ । त्यसकारण म हुँ जो चित्तको वृत्ति रुप संसारी भाव हो त्यसद्वारा नछोइएको र सदा स्वयंप्रकाशमान र आफ्नो वास्तव स्वरुप साक्षी हो त्यसलाई बुद्धिद्वारा (ध्यान-द्वारा) आफ्नो स्वरुप भनीकन मं हुँ आत्मा यसप्रकार वृत्तिको उदय गरि राख्नु पर्छ ।

प्र०– म त साक्षी हुँ त्यो म जान्दछु ।

उ०– त्यसलाई जान्नु भनेको छैन जान्नु हो साक्षी-पनको अनुभवको जो साधन हो अर्थात् आत्माकार वृत्तिको उदय र आफू साक्षी वनेर त्यसलाई प्रकाश गरि रहनु आवश्यक हो । यसप्रकार आफूलाई स्पष्ट रुपले बुद्धिद्वारा साक्षी भनी जानेर (अर्थात् निरन्तर आत्माकार वृत्तिलाई उदित गरिकन) आफ्नो साक्षी स्वरुपलाई छिन छिनमा अनुभव गरि राख्नुं पर्छ । यसको नाम हो ध्यान ।

प्र०– त्यस पछि के हुन्छ ?

उ०– त्यसपछि सविकल्प समाधि प्राप्त हुन्छ । अर्थात् ध्याताभावको विगलन पूर्वक केवल ध्यान किम्वा ध्येयाकार (आत्माकार) वृत्तिको प्रवाह चलाई राख्नु पर्छ । यसैको नाम हो सविकल्प समाधि ।

प्र०– त्यसपछि के हुन्छ ?

उ० त्यसपछि ध्येयाकारता जो चाहिं साक्षीबाट प्रकाशित भै राखेको थियो त्यसको अभाव हुन्छ ।

प्र०– कसरी ?

उ०– ध्येयाकारता हो चित्तको चलन मात्र त्यो चलनलाई निवारण गर्नु पर्छ ।

प्र०– किन ?

उ०– चित्त हो मिथ्या त्यसकारण चित्तको निरसन गर्नु पर्छ ।

प्र०– चित्तलाई कसरी निरसन गर्नु ?

उ०– चित्त आत्माकारमा आकारित भै राखेको थियो र त्यो साक्षीबाट प्रकाशित भै राखेको थियो । ऐले आफ्नो जो प्रकाशकता हो अर्थात् आफ्नो भित्र जो अनुप्रविष्ट–भाव हो त्यो मिथ्या भएको हुनाले–किनकि शरीर हो मिथ्या त्यसकारण–त्यसको भित्र प्रविष्टता पनि हो मिथ्या । त्यसकारण भित्र वाहिर भेद वर्जित जो चैतन्य वस्तु हो (ब्रह्म वस्तु हो) त्यो हो मेरो वास्तव स्वरुप । साक्षीभाव वास्तव स्वरुप हैन_ त्यसकारण साक्षी_भावलाई पनि उल्लंघन गर्नु पर्छ ।

प्र०- कसरी ?

उ०- चित्तलाई निरसन गरीकन। जब सम्म चित्त रहन्छ तब सम्म साक्षीभाव कल्पित हुन्छ जब चित्त चल्दैन [अर्थात् चित्त छैन] तब साक्षी भाव पनि रहँदैन।

प्र०- त्यो कसरी संभव हुन्छ ?

उ०- म ब्रह्म हुँ भनीकन् चित्त बृत्तिद्वारा अनुभव भै राखेको थियो त्यो चित्तबृत्तिलाई पनि निराकरण गरि दिनु अर्थात ध्याताभावको साथ ध्येयाकारताभावलाई पनि परित्याग गर्न पर्छ।

प्र०- तब के बाँकी रहन्छ ?

उ०- अचित्तता बाँकी रहन्छ। अर्थात् चित्त सबे बृत्तिबाट रहित भएर रहन्छ। यसैलाई (चित्तको अभावलाई किम्वा अचित्ततालाई) ब्रह्माकार बृत्ति भन्दछन्। ब्रह्माकार बृत्तिको अर्थ हो चित्तवृत्ति रहित भैकन आफ्नो अधिष्ठान ब्रह्मस्वरूपमा स्थित भएर र ब्रह्मदेखि अभिन्न भएर रहनु। यसैलाई अखण्डाकार बृत्ति पनि भनेको छ।

प्र०- यहाँबाट के मिल्छ ?

उ०- जब त्रिपुटीको विलय हुन्छ (अर्थात् ध्याता, ध्येय र ध्यान यो तीन प्रकार चित्तबृत्तिको अभाव हुन्छ) तब त्यो स्थितिलाई निर्विकल्प समाधि भनिन्छ।

प्र०– निर्विकल्प समाधिको स्वरुप के हो ?

उ०– निर्विकल्प समाधि हा सदा विद्यमान निजो वास्तव स्वरूपमा चित्तको वृत्तिरहित भएर सदा अवस्थान म त्र । यस प्रकार निर्विकल्प समाधिमा अखण्डाकार वृत्तिद्वारा आफ्नो स्वय प्रकाशमान ब्रह्मस्वरूपको अनुभव भै रहन्छ । यो हो दोश्रा दुक्रा

प्र०– त्यसपछि के हुन्छ ?

उ०– आफू हो ब्रह्मस्वरूप भनीकन निर्विकल्प समाधिमा अनुभव भै रहन्छ या हो चतुर्थी ज्ञान भूमि अर्थात् यस्मा ब्रह्माकार वृत्तिको अनुवृत्ति चलि रहन्छ । पञ्चमी र षष्ठी ज्ञान भूमिकामा ब्रह्माकार वृत्तिको दृढ़ता भै रहन्छ । त्यसैको नाम हो असंशक्ति र पदार्थाभाविनी ।

प्र०– त्यसपछि के हुन्छ ?

उ०– यो दृढ़– ब्रह्माकार वृत्ति अर्थात् ब्रह्माकार वृत्तिको अनुवृत्ति दीर्घकाल भएपछि– "म ब्रह्म हुँ" भनिकन अनुभवको दृढता भएपछि- म हुँ कर्ता भोक्ता प्रमाताभन्ने जो वासना थियो त्यसको बिनाश हुन्छ । प्रमाताभावको आत्यन्तिक निरसन हुन्छ र जगतको वासना विनष्ट हुन्छ । जगतमा भएको अलिकति पनि जो सत्यता बुद्धि थियो त्यसको

विनाश भै हाल्छ । त्यसकारण "म हुँ ब्रह्म" यस प्रकार ब्रह्माकार वृत्तिको आवश्यक हुँदैन । यसरी ब्रह्माकार वृत्तिको पनि आवश्यक नहुनु हो मुमुक्षु पुरूषको ब्रह्मरूपले अवस्थान हुनु यसैको नाम हो- सप्तमी ज्ञान भूमिका अर्थात् तुरीयगा ।

प्र०- यस्को विशेषता के हो ?

उ०- राम्ररी सुन । जो पैले प्रमाता थियो र पछि ध्यानाभ्यासद्वारा साक्षी भावलाई अपनाएको थियो त्यस्ले निर्विकल्प समाधी प्राप्त गरेर आफूलाई ब्रह्म भनेर अनुभव गरेको थियो । त्यो अनुभव जब दृढ हुन्छ तब जगत भाव र जीब भावको विनाश भएपछि आफू ब्रह्मभावले अवस्थित हुन्छ । यो अवस्थामा ब्रह्मकार वृत्ति रहदैन । यस्तो पुरुषको शरिरमा आगो लगाए पनि शरिर जलि रहन्छ, किन्तु आफू ब्रह्म भएकोले आफुमा दुःखको लेश पनि आउनु संभव छैन । जो पैले साक्षी थियो र पछि ब्रह्म हुँ भनीकन जानी राखेको थियो त्यो अैले ब्रह्म नै बनि हाल्छ । किनकि तिमी हौ वास्तवमा सदा काल ब्रह्म र सदा मुक्त । किन्तु यो हो सदा शुद्ध बुद्ध मुक्त स्वरूपको प्राप्तिको लागी पैले ध्यानाभ्यास र त्यसको परिपाकरूप सबिकल्प समाधि

र त्यसपछि चित्तको निश्चल भाव किम्वा वृत्ति निश्चल हुन्छ । निर्वीकल्प समाधिमा ब्रह्मस्वरूपको अनुभव हुँदै जब त्यसको दृढता हुन्छ तब त्यो अनुभवको अभाव हुन्छ र ब्रह्माकार वृत्तिको अभावको जो अवधि हो त्यो परिशिष्ट रहन्छ । आफू ब्रह्मरूपले अवस्थान गर्छ,

यो हो सेश्रो टुक्रा

(यो लेख ०३१ साल मार्ग ८–१५ गते सम्म श्री गुरुदेववाट कलकत्तामा दर्शन गर्न जाँदा श्री गोविन्दराम सरस्वती, वसन्तलाल सरस्वती, र ज्ञानेश्वर सरस्वतीलाई लेखाई बक्सेको हो)

Acc. No. - ८६28

[दोस्रो कवरको शेषांश]

स्पष्ट पारिदिनुभएको छ ।

स्व० महाकवि लक्ष्मी प्रसाद देवकोटा, बर्तमान माननीय प्रधान मंत्री श्री नगेन्द्र प्रसाद रिजाल, माननीय शिक्षा मंत्री श्री कृष्णराज अर्याल, भू. पू. माननीय प्रधान मंत्री श्री कीर्तिनिधि विष्ट आदि पूज्य गुरुदेवबाटै शिक्षा दीक्षा प्राप्त गरेर प्रतिभासम्पन्न व्यक्ति बन्नुभएको हो । त्यसैगरी वेदान्त जगतमा पनि हस्तामलक (श्री गोबिन्दराम सरस्वती) पद्मपाद (प० ज्ञानहरि सरस्वती) देवेश्वर (श्री ज्ञानेश्वर सरस्वती) त्रोटक (श्री अनन्तलाल सरस्वती) र आनन्द ज्ञान (श्री बसन्तलाल सरस्वती) जस्ता भावी पद्माचार्य तैयार गरिदिनुभएर आचार्य शंकरले भारतका गौरवलाई पुनरुज्जीवित गरिदिनुभए झैं नेपालको परम्पराप्राप्त गौरवलाई झन उज्वल गरिदिनु भएको छ । यो भन्न पाउँदा हामीलाई गौरवको अनुभूति हुनु स्वाभावकै हो । गुरुदेवको मंगलकामना गर्दछु ।

१ फाल्गुन, २०३१ —गंगाराम श्रेष्ठ

नारायणगढ, चितवन । अद्वैत संस्था, नेपाल ।

(६)

ग्रन्थ बारे :

****

प्रस्तुत ग्रन्थ योगवाशिष्ठ महारामायणको संक्षिप्ती-करण हो । श्रद्धापूर्वक ग्रन्थको अवलोकनले मुमुक्षुको हृदयाकाशमा भगवान वशिष्ठको अमोघ उपदेश दृष्टि-सृष्टिवादले स्थान जमाउने छ, जसको फल हुनेछ सत्ता सामान्य अद्वैत ब्रह्मवस्तुको परिचय ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभराज्याभिषेकको उपलक्ष्यमा आयोजित महा सत्संग समारोहको पुनीत समयमा प्रस्तुत पुस्तक प्रकाशित भएको छ । यसले गर्दा यस ग्रन्थको अझ बढी महत्व हुन गएको छ । उत्तम मुमुक्षुहरूका लागि उपादेय यो ग्रन्थ यसरी प्रकाशमा आउनुबाट हामीहरू प्रति प्रातःस्मरणीय श्री गुरुदेवको अनुपम अनुकम्पा मिलेको छ भनी हामी मान्दछौं ।

—गंगाराम सरस्वती
अद्वैत संस्था, नेपाल ।

१ फागुन २०३१
महा सत्संग समारोह
क्षेत्रपुर नारायणगढ
चितवन, नेपाल ।

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

८६२४

AUTHOR चक्रवर्ती क्षित

TITLE वाशिष्ठ विज्ञान

N·921:226
CHA
2031

८६२४

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

ला
N
2